का.जि.प्र.का.द.नं. १००/०५९/६०

२ फागुन २०८२

शनिबार

14 February 2026

Saturday

नेपाल संवत् ११४६

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २४, अंक २३। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



# मतदाताको ध्यान खिच्न उम्मेदवारका अनेक शैली



मतदातासमक्ष नरम र नजिक हुनु उम्मेदवारको असल परिचय हो, तर बढी नाटक भयो कि भन्ने आम टिप्पणीहरू भइरहेका छन् ।

● **विष्णु पन्थी**
**राजनीतिक विश्लेषक**

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १ फागुन

पत्रकारिता छाडेर राजनीतिमा हाम फालेका ऋषि धमला आम जनता पार्टी (आजपा)बाट रौताहट क्षेत्र नं. ४ का उम्मेदवार बनेका छन् । उनको मत माग्ने शैलीलाई सामाजिक सञ्जालमा ट्रोल बनाइएको छ। धमलाले चुनावी प्रचार अभियानका क्रममा कृषकका उखु बोक्ने, जेरी पकाउने, ट्याक्टर चलाउनेदेखि मतदाताहरूसँग अंगालो मारेका फोटो तथा भिडियोहरू भाइरल छन् । उनले बिरामीहरूलाई उपचारका लागि डाक्टरलाई टेलिफोनमार्फत सिफारिस गरेका भिडियो पनि चर्चामा छन् ।

फरक शैलीमा मत मागिरहेका अर्का उम्मेदवार हुन्- पूर्वशिक्षा, विज्ञान तथा प्रविधिमन्त्री महावीर पुन । उनी प्रतिनिधिसभा सदस्यका लागि म्याग्दीबाट स्वतन्त्र उम्मेदवार छन् । उनले मतदातासँग मत माग्न अपनाएको तरिकालाई आमरूपमा ट्रोल बनाइएको छ ।

'यो मान्छेले केही गर्ला जस्तो छ भन्ने लाग्छ छ भने मलाई भोट दिनुस् । गर्ला जस्तो लागेन भने भोट नदिए पनि हुन्छ । म मलाई भोट दिनुस्, जितेपछि यसो गर्दिन्छु, उसो गर्दिन्छु भनेर लम्पसार चाहीँ पर्दिनँ । तर काम गर्न छोड्दिनँ,' पुनले भन्ने गरेका छन् । यस्तै प्रकारले उनले मतदातामाझ आफूलाई प्रस्तुत गर्दै आएका छन् । उनले यस्ता प्रस्तुति र शैलीहरू सामाजिक सञ्जालमा नियमित रूपमा सम्प्रेषणसमेत गर्दै आएका छन् ।

एक्लै चुनावी प्रचारमा हिँडेका पुनको अभिव्यक्तिले उनलाई चुनाव जित्नु र हार्नुमा खासै फरक नपर्ने देखिन्छ । पुनले चुनाव प्रचारकै क्रममा कहिले सार्वजनिक स्थलमा पत्रकार सम्मेलन, कहिले नदीमा आफैंले माछा मार्दै गरेका दृष्य र कहिले हिमाली क्षेत्रको भिडियोहरू सार्वजनिक गर्दै आएका छन् ।

त्यसो त, उनको उम्मेदवारी दर्ता नै अचानाक जस्तो भएको थियो । चुनाव गराउने जिम्मेवारीमा रहेको सरकारका मन्त्रीबाट राजीनामा दिएर चुनावमा प्रतिस्पर्धी भएको विषयमा उनको आलोचना समेत भएको थियो ।

'शिक्षा सुधारका लागि तयार गरिएका अध्यादेशहरू' ल्याउन प्रधानमन्त्रीले नै असहयोग गरेको बताउँदै उनी राजनीतिमा आएका हुन् । उनले आफूलाई जसले जे भनेपनि सहजरूपमा लिएर त्यसलाई सरल >>> पृष्ठ २ मा

**चुनावी खर्चमा पारदर्शिताको प्रश्न**

# अधिकांश दल र उम्मेदवारले खोलेनन् बैंक खाता

- चुनाव लड्ने दलको संख्या : ६७
- चुनाव केन्द्रित बैंक खाता खोल्ने दल : ४

- प्रत्यक्षतर्फ उम्मेदवारको संख्या : ३,४०६ जना
- चुनाव केन्द्रित बैंक खाता उम्मेदवार : ४५४ जना



निर्वाचन आचारसंहिता पालना नगरेको खण्डमा कारबाही हुने भय दलहरूमा हुने वातावरण बनाउन सक्नुपर्छ । यसका लागि सम्बन्धित दल र उम्मेदवारलाई निर्वाचन आयोगले किन छुट्टै खाता नखोलेको भनेर स्पष्टीकरण सोध्ने र थप कारबाहीको प्रक्रिया अगाडि बढाउनुपर्छ ।

■ **काशीराज दाहाल**
**सुशासनविद्**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १ फागुन

राजनीतिक दल र उम्मेदवारहरूले चुनावी खर्चका लागि छुट्टै बैंक खाता खोल्नुपर्ने व्यवस्था छ । यीलगायतका प्रावधानसहितको निर्वाचन आचारसंहिता २०८२ लागू भएको एक महिना हुन लाग्यो । तर न्यून संख्यामा मात्रै दल र उम्मेदवारले छुट्टै बैंक खाता खोलेका छन् ।

निर्वाचन आयोगका अनुसार निर्वाचन आचारसंहिता गत माघ ३ गतेबाट लागू भएको थियो । त्यसयता शुक्रबारसम्म जम्म ४ वटा राजनीतिक दल र ४५४ जना उम्मेदवारले मात्रै चुनावी खर्चका लागि बैंक खाता खोलेका छन् ।

जबकि, प्रत्यक्षतर्फ उम्मेदवारी दिने दलको संख्या ६७ वटा र प्रत्यक्षतर्फ उम्मेदवारको संख्या ३ हजार ४०६ जना रहेका छन् । यसमध्ये केवल ४ वटा दल र ४५४ उम्मेदवारले मात्र बैंक खाता खोलेका हुन् । नेपाली कांग्रेस, नेपाली कम्युनिष्ट पार्टी, नेकपा (संयुक्त) र राष्ट्रिय जनमोर्चाले चुनावी खर्चका लागि छुट्टै बैंक खाता खोलेका हुन् ।

गत १३ र १४ पुसमा प्रतिनिधिसभा सदस्यका लागि समानुपातिकतर्फ मनोनयन दर्ता भएको थियो । ६ माघमा प्रत्यक्षतर्फको मनोनयन दर्ता भएको थियो । समानुपातिकतर्फ जति संख्यामा उम्मेदवारी दिइएको छ त्यति संख्या बराबर दुई लाखका दरले सम्बन्धित दलले निर्वाचन खर्च गर्न पाउँछन् ।

> निर्वाचन आचारसंहिता पालना नगर्नेलाई के कारबाही हुन्छ भन्ने विषयमा कडिकडाउ प्रावधान छैन । यसकारण अधिकांश दल र उम्मेदवारहरूले निर्वाचन खर्चका लागि छुट्टै बैंक खाता खोल्नुपर्ने व्यवस्थाको पालना गरिरहेका छैनन् ।

प्रत्यक्षतर्फका उम्मेदवारको चुनावी खर्चको सीमा भने फरक-फरक छ । निर्वाचन आयोगले सुगम मानिएका जिल्लाका हकमा र दुर्गम मानिएका जिल्लाका हकमा फरक-फरक खर्च सीमा निर्धारण गरेको हो ।

आयोगका अनुसार काठमाडौंका पाँच वटा निर्वाचन क्षेत्रका उम्मेदवारले अधिकतम २५ लाख खर्च गर्न पाउनेछन् । त्यसमा काठमाडौं क्षेत्र नम्बर १, ३, ६, ७ र ८ रहेका छन् ।

खर्चको सीमाअनुसार देशभरका १७ वटा निर्वाचन क्षेत्रका उम्मेदवारले अधिकतम २७ लाख बराबरको खर्च गर्न पाउनेछन् । ६५ वटा निर्वाचन क्षेत्रका उम्मेदवारले अधिकतम २९ लाख खर्च गर्न पाउँछन् । आयोगका अनुसार ५२ वटा निर्वाचन क्षेत्रका उम्मेदवारले अधिकतम ३१ लाख, २६ वटा निर्वाचन क्षेत्रका उम्मेदवारले अधिकतम ३३ लाख खर्च गर्न पाउँछन् ।

यो खर्चलाई पारदर्शी बनाउने उद्देश्यले निर्वाचन आयोगले प्रत्येक दल >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# मलेसियामा विदेशी कामदार भर्नामा डिजिटलाइजेसनको माग

**मध्यान्ह संवाददाता**
क्वालालम्पुर, १ फागुन

मलेसियाली उत्पादन महासंघले विदेशी कामदार भर्ना र कोटा स्वीकृति प्रक्रियालाई पूर्ण डिजिटलाइजेसन गर्न आह्वान गरेको छ। महासंघका अध्यक्ष ज्याकब लीले डिजिटलाइजेसनले अनुचित प्रभाव वा मोलमोलाइको सम्भावना कम भई विदेशी कामदार भर्नामा विश्वसनीयता र जवाफदेहिता बढाउने बताएका छन् ।

शुक्रबार विज्ञप्ति जारी गर्दै उनले डिजिटलाइजेसनले उत्कृष्ट अन्तर्राष्ट्रिय अभ्यासहरूलाई बल पुऱ्याउने र मलेसिया सरकारले लिएको डिजिटल गभर्नेन्सको एजेन्डासँग मेल खाने बताए ।

पारदर्शी र नैतिक भर्ना प्रणालीका लागि प्रमाणित मोडेलहरू दक्षिण कोरिया, सिंगापुर र श्रम अभाव भएका अन्य देशहरूमा पहिले नै लागू गरिएको र त्यसले कामदार आवश्यकतासम्बन्धी रोजगारदाताको मागलाई सन्तुलनमा राख्ने पनि उनको भनाइ छ। मलेसियामा पछिल्ला वर्षहरूमा निष्पक्ष, संरक्षित र नैतिक भर्ना प्रणालीको विकास भएको छ । अघिल्लो बुधबार मलेसियाको मानव संशाधन मन्त्री आर रामाननले आफ्नो मन्त्रालयले विदेशी कामदार भर्नाको प्रक्रियाबाट तेस्रो पक्ष एजेन्ट वा बिचौलियालाई हटाउन मलेसियाली रोजगारदाताहरूलाई प्रत्यक्ष रूपमा विदेशी >>> पृष्ठ २ मा

## बेलायत र रोमानिया पठाउने भन्दै ८० लाख ठग्ने ३ पक्राउ

**काठमाडौं/मस-** वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभन दिएर ८० लाख रुपैयाँ ठगी गरेको आरोपमा तीन जना पक्राउ परेका छन् । प्रहरीले बिहीबार ती अभियुक्तहरूलाई सार्वजनिक गर्दै आवश्यक कारबाहीका लागि वैदेशिक रोजगार विभागलाई बुझाएको छ । पक्राउ पर्नेमा महोत्तरी सम्सीपालिका-१ का जटाधर राउत, सोलुखुम्बुको थुलुङ दुधकोशी-३ का थमराज नेपाली र ललितपुरको महालक्ष्मी-१ का रामकुमार राई रहेका छन् ।

उनीहरूले बेलायत र रोमानियामा आकर्षक तलब पाइने भन्दै पाँच जना पीडितबाट विभिन्न समयमा लाखौं रुपैयाँ लिएको प्रहरीको भनाइ छ ।

**दलहरूका चुनावी वाचा**

# शिक्षा-स्वास्थ्य नि:शुल्क बेरोजगारलाई भत्ता




> विगतका निर्वाचनमा झैं यस वर्ष पनि राजनीतिक दलहरूले कृषिलाई प्राथमिकतामा राखेका छन् । शिक्षा, स्वास्थ्य नि:शुल्क गर्ने, बेरोजगारलाई भत्ता दिने जस्ता नाराले निरन्तरता पाएका छन् ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १ फागुन

राजनीतिक दलहरूले चुनावी घोषणापत्र ल्याउन थालेका छन् । नेपाली कम्युनिष्ट पार्टी, जनता समाजवादी पार्टी नेपाल, आम जनता पार्टी, राष्ट्रिय मुक्ति पार्टीलगायतले चुनावी घोषणापत्र सार्वजनिक गरेका छन् । नेपाली कांग्रेसले शनिबार प्रतिज्ञापत्र ल्याउँदैछ। नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टीलगायतले छिट्टै घोषणापत्र सार्वजनिक गर्ने भनेका छन् ।

चुनावी घोषणापत्र ल्याउने दलहरूले सामाजिक मुद्दालाई प्राथमिकतामा राखेका छन् । नेपाली कम्युनिष्ट पार्टीले चुनावी प्रतिबद्धतापत्रमा शासकीय सुधार, सुशासन र रोजगारी सिर्जना मुख्य प्राथमिकतामा राखिएको छ ।

कृषि, उद्योग, रोजगार, स्वास्थ्य, पूर्वाधार विकास, कूटनीति, सामाजिक न्याय जस्ता हरेक शीर्षकमा मतदातालाई आकर्षक लाग्ने प्रतिबद्धताहरू गरिएका छन् ।

स्वास्थ्यमा हाल ३० प्रतिशत रहेको स्वास्थ्य बिमालाई २०८८ सालसम्म शतप्रतिशत पुऱ्याउने लक्ष्य लिइएको छ। स्वास्थ्यको बजेट ५ बाट बढाएर ८ प्रतिशत पुऱ्याउने भनिएको छ ।

निर्माणाधीन राष्ट्रिय गौरवका परियोजनाहरू यथाशीघ्र सम्पन्न गर्ने, सबै स्थानीय तहसम्म पक्की सडक, पूर्वपश्चिम रेलमार्ग, काठमाडौंमा मेट्रोरेल तथा मोनोरेल निर्माण, वि.सं. २१०० सम्म ४० हजार मेगावाट विद्युत् उत्पादन गर्ने प्रतिबद्धता नेकपाले गरेको छ ।

'आगामी ५ वर्षभित्रमा सबै नेपालीको घरमा सफा पिउने पानी उपलब्ध हुनेछ,' नेकपाको प्रतिबद्धता छ, 'एक परिवार एक आवासको अवधारणा बमोजिम ५ वर्षमा पाँच लाख नयाँ आवास निर्माण गरिनेछ ।'

किसानलाई परिचयपत्र, न्यूनतम ज्याला, सामाजिक सुरक्षा र बिमा प्रभावकारी बनाउने भनिएको छ। भूमिहीनको समस्या त २ वर्षभित्रै हल गरिने प्रतिबद्धता व्यक्त गरिएको छ। >>> पृष्ठ २ मा

**मतदाताको...**

ढंगले प्रतिक्रिया दिँदै आएका छन् । मन्त्रीबाट हटेका पुनले सरकारबाट भागेको भन्ने आलोचनालाई समेत स्वीकार्दै आफू मैदानमा रहेको बताउने गरेका छन् । पुनले मतदातासँग पुगेर आफ्नो पुस्तक बेचेको विषयमा निर्वाचन आयोगमा उजुरी परेपछि उनले त्यो कामलाई स्थगन गरेका छन् ।

यता राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवार सुदन गुरुङले कपडा पसलमा राखेको डमीसँग भोट मागे । गोरखा-१ बाट उठेका उनले घरदैलोका क्रममा डमीसँग बात मार्दै भोट मागेपछि उनी भाइरल बने ।

'मलाई भोट दिनुहोला, म घरदैलो गर्दै आएको हो' भन्दा पनि डमी नबोलेपछि सुदनले चस्मा खोलेर 'ए ! सरी' भन्दै फर्किएको भिडियो सामाजिक सञ्जालमा सार्वजनिक भएर ट्रोल बनेपछि उनी आचोचित बने । गत भदौ २३ गते जेनजी आन्दोलनमा पानी बाँड्दा बाँड्दै उनी नेता भएका हुन् । आफूलाई स्वतन्त्र अभियन्ता भन्दै आएका सुदनले आन्दोलनलगत्तै 'संविधान राखौं कि च्यातौं' भन्दै टिप्पणी गरेका थिए ।

मनोनयन दर्ता गर्नुभन्दा तीन दिनअघि रवि लामिछाने र बालेन्द्र शाहलाई एउटै कोठामा छलफलका लागि राखेर बाहिरबाट ताल्चा लगाइदिएर चर्चा थपेका थिए । कुलमान घिसिङलाई रास्वपामा जबर जस्ती मिसाउने काम पनि उनैले गरेका थिए ।

यस्तै राष्ट्रिय स्वतन्त्र पार्टीका नुवाकोट क्षेत्र नं. २ का उम्मेदवार अच्युत लामिछानेले मतदाताको खुट्टामै ढोगेको र मतदाताले खुट्टा हटाउन खोज्दा लामिछानेको निधार भुइँमै परेको दृष्य सार्वजकि भएपछि उनको चर्चा पनि सामाजिक सञ्जालमा छरपष्ट छ ।

लामिछानेले 'नेपालीको असल संस्कारलाई कायम राख्न' त्यसरी प्रस्तुत भएको प्रतिक्रिया दिएका छन् । त्यस्तै रास्वपाकै धादिङका-१ की उम्मेदवार आशिका तामाङले कुखुराको भालेसँग भोट मागेको दृष्यले राजनीतिक समाजलाई थप कुरूप बनाएको छ। उनले भालेलाई समातेर 'सो ह्याण्डस भाले, आशिका दिदीलाई भोट देऊ ल !' भनेर भालेसँग मत मागेकी थिइन् ।

नेपाल कांग्रेसका बझाङका उम्मेदवार प्रकाश रसाइली स्नेहीले चुनावी यात्राका क्रममा बझाङको भुगोल टेकेपछि भुइँमा ढोगेर जिल्लाको ममता प्रदर्शन गरे ।

नेकपा एमालेका रामेछापका उम्मेदवार माधव ढुंगेल र ओखलढुंगाकी उम्मेदवार अस्मिता थापाले मतदाताको घरमा पुगेर मोही पार्दै गरेको दृष्य पनि चर्चामा छ। श्रम संस्कृति पार्टीका उम्मेदवारसहित कार्यकर्ताले श्रमदानमार्फत सडक सोलिङ गर्दै मत मागिरहेका छन् ।

यी केही प्रतिनिधि पात्र मात्रै हुन् । आगामी फागुन २१ मा हुने प्रतिनिधिसभाको निर्वाचनमा यस्ता धेरै पात्र उम्मेदवार छन् । तीनका चुनावी गतिविधिलाई मानिसहरूले फरक-फरक दृष्टिकोणबाट हेर्ने गरेका छन् ।

'मतदातासमक्ष नरम र नजिक हुनु उम्मेदवारको असल परिचय हो, तर बढी नाटक भयो कि भन्ने आम टिप्पणीहरू भइरहेका छन्', राजनीतिक विश्लेषक विष्णु पन्थी बताउँछन् । चुनाव नजिकिँदै जाँदा उम्मेदवारहरूको रंगीविरंगी तरिकाप्रति कतिपयले निर्वाचन आचारसंहिता उल्लंघनका रूपमा हेरेका छन् ।

यो निर्वाचनमा झापा क्षेत्र नं. ५ र सर्लाही क्षेत्र नं. ४ सहित केही निर्वाचन क्षेत्रलाई राष्ट्रिय चासोका रूपमा हेरिएको छ । झापा-५ का उम्मेदवार एमाले अध्यक्ष केपी शर्मा ओली र रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाह तथा सर्लाही-४ का उम्मेदवार नेपाली कांग्रेसका सभापति गगनकुमार थापा र रास्वपाका डा. अमरेशकुमार सिंहका राजनीतिक गतिविधिले आमरूपमा स्थान पाएका छन् ।

त्यस्तै रुकुम पूर्वमा उम्मेदवार रहेका नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', चितवन-२ बाट उम्मेदवार बनेका रास्वपा सभापति रवि लामिछानेको चुनावी अभियानलाई पनि नजिकबाट हेरिएको छ ।

दाहालसँग नेपाली कांग्रेसका पूर्वसांसद कुसुम थापा र लामिछानेसँग कांग्रेसकी मीनाकुमारी खरेलले प्रतिस्पर्धा गर्दै छन् । चितवन-२ की खरेलले मतदाता प्रत्यक्ष भेटेर मत माग्ने अभियान चलाएकी छन् ।

उता रवि र झापा-५ का उम्मेदवार बालेनले भने गाडी हुटमाथि बसेर जनतालाई हात हल्लाउँदै देश दौडाहामा छन् ।

उनीहरूको तरिकाले राजनीतिमा नयाँ ट्रेन्ड सुरु गरेका छन् । यस्तो तरिकाले भुईंतहका नागरिकको आवाज सुन्ने र दूरदराजका नागरिकको समस्या बुझ्ने अभ्यासको ह्रास हुँदै गएको राजनीतिक बजारमा टिप्पणी भइरहेको छ । निर्वाचनकै क्रममा बाँके क्षेत्र नं. ३ का उम्मेदवार रहेका रास्वपाका खगेन्द्र सुनारको धार्मिक संवेदनशीलतासम्बन्धी पुरानो अभिव्यक्तिलाई अहिले विवादमा ल्याइएको छ । उम्मेदवार सुनारले आफूले त्यसरूपमा नबोलेको प्रतिक्रिया दिए । उनीमाथि हिन्दु धर्ममा आस्था राख्नेहरूले आलोचना गर्न थालेका छन् ।

प्रचार शैली आ-आफ्नै देखिएका राजनीतिक दल र उम्मेदवारले निर्वाचन आचारसंहिता, २०८२ को गम्भीर उल्लंघन गरेको पाइएको छ । निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले प्रचार अभियानका क्रममा आचारसंहिता उल्लंघन गरेका पार्टी र उम्मेदवारलाई स्पष्टीकरण सोधिएको बताए । आचारसंहिता अनुगमनका लागि संयन्त्र बनाएको उनको भनाइ छ ।

'आयोगले निर्वाचनलाई स्वच्छ, निष्पक्ष पारदर्शी एवं विश्वासनीय तुल्याउन जिल्लास्तरमा आचारसंहिता अनुमगनलाई प्रभावकारी बनाउने निर्णय गरेको छ', उनले भने, 'यसका लागि जिल्लाहरूमा सहायक प्रमुख जिल्ला अधिकारीलाई आचारसंहिता अनुगमन अधिकृत तोकेको छ । सहायक प्रमुख जिल्ला अधिकारीलाई आर्थिक बाहेकका अन्य विषयको जिम्मेवारी दिइएको छ ।'

तोकिएका आचारसंहिता अनुगमन अधिकृतले राजनीतिक दल, उम्मेदवार र विभिन्न पक्षबाट हुन सक्ने उल्लंघका विषयलाई जानकारीमा राखी कारबाहीका लागि सिफारिस गर्न सक्नेछ । फरक शैलीका अभियान चलाएका उम्मेदवारलाई आमरूपमा हाँसोको पात्र समेत बनाइएको छ ।

**अधिकांश...**

र उम्मेदवारलाई छुट्टै बैंक खाता खोल्न अनिवार्य गर्ने गरी आचारसंहिता बनाएर लागू गरेको हो । तर आचारसंहिता लागू भएको झन्डै एक महिनासम्म ६७ दल र ३ हजार ४०६ प्रत्यक्ष उम्मेदवारमध्ये केवल ४ दल र ४५४ उम्मेदवारले मात्र बैंक खाता खोलेका हुन् । बाँकी अधिकांश दल र उम्मेदवारले चुनावी खर्चका लागि छुट्टै बैंक खाता खोलेका छैनन् ।

निर्वाचन आचारसंहितामा उल्लेख भएअनुसार दल र उम्मेदवारले तोकेको खर्चको हदभित्र रहेर निर्वाचन खर्च गर्न पाउँछन् । यसका लागि छुट्टै बैंक खाता खोल्नुपर्छ । निर्वाचन खर्चको विवरण चुनावी परिणाम घोषणा भएको ३५ दिनभित्र सम्बन्धित निर्वाचन कार्यालयमा पेस गर्नुपर्ने हुन्छ । यो आचारसंहिता पालना नगर्नेलाई के कारबाही हुन्छ भन्ने विषयमा कडिकडाउ प्रावधान छैन । यसकारण पनि दलहरूले निर्वाचन खर्चका लागि छुट्टै बैंक खाता खोल्नुपर्ने प्रावधानको पालना गरिरहेका छैनन् ।

निर्वाचनको समयमै दलहरूमाथि पारदर्शिताको प्रश्न उठ्ने व्यवहार उचित नरहेको बताउँछन् सुशासनविद् काशीराज दाहाल । यस्तोमा निर्वाचन आयोग नै थप सक्रिय हुनुपर्ने उनको आग्रह छ । उनी भन्छन्, 'निर्वाचन आचारसंहिता पालना नगरेको खण्डमा कारबाही हुने भय दलहरूमा हुने वातावरण बनाउन सक्नुपर्छ । यसका लागि सम्बन्धित दल र उम्मेदवारलाई निर्वाचन आयोगले किन छुट्टै खाता नखोलेको भनेर स्पष्टीकरण सोध्ने र थप कारबाहीको प्रक्रिया अगाडि बढाउनुपर्छ ।'

उनका अनुसार विगतमा पनि निर्वाचनमा आर्थिक चलखेल हुने गरेको आरोप लाग्ने छ । टिकट पाउनकै लागि समेत आर्थिक चलखेल अर्थात्, टिकट खरिदबिक्री हुने आरोप लाग्ने तितो आरोपहरू लाग्ने गरेको उल्लेख गर्दै उनले सुधारका स्थानीय स्तरमै निर्वाचन खर्चको अनुगमन गर्ने संयन्त्र हुनुपर्ने बताए । उनी थप्छन्, 'सुधारका लागि निर्वाचन आयोगले सक्रियता देखाएन भने पारदर्शिताको प्रश्न उठिरहन्छ र सुधार नहुने प्रवृत्तिले निरन्तरता पाउँछ ।'

**मलेसियामा...**

कामदार भर्ना गर्ने प्रणालीको विकास गरिरहेको बताएका थिए ।

विदेशी कामदार भर्नाका चरणमा तेस्रो पक्ष वा एजेन्टको संलग्नता मलेसियामा निरन्तर प्रश्नको रूपमा उठेको छ । तेस्रो पक्ष वा एजेन्टको संलग्नताले स्रोत मुलुकहरूबाट जाने कामदारहरूलाई ऋणको बन्धन र आधुनिक दासत्वका तत्वहरूसहित शोषणमा राखेको पश्चिमा मुलुकका सञ्चारमाध्यमहरूको आलोचना छ। अध्यक्ष लीले डिजिटलाइजेसनले तेस्रो पक्ष वा एजेन्टको संलग्नताको पर्दाफास गर्ने विश्वास लिइएको बताए । उनले जी टु जी अर्थात विदेशी कामदार भर्नाको सरकार देखि सरकार ढाँचा अन्तर्गत प्रत्यक्ष भर्ना प्रक्रियालाई सहज बनाउन प्रयोग गरिने प्रणालीमा थप स्पष्टता प्रदान गर्न पनि सरकारलाई आह्वान गरेका छन् ।

मलेसियामा विशेषगरी नेपाल, बंगलादेश, इन्डोनेसिया, भारत र म्यानमार जस्ता देशहरूबाट लगभग २३ लाख विदेशी कामदार वैधानिक रूपमा कार्यरत छन् । त्यसमा ४ लाख नेपाली कामदार त्यहाँ कार्यरत छन् । नेपालीको संख्या कुल विदेशी कामदारको लगभग १६ प्रतिशत मानिएको छ ।

**शिक्षा...**

जसपा नेपालले सामाजिक मुद्दामा उस्तै प्रतिबद्धताहरू जनाएको छ । कृषि क्षेत्रलाई जोड दिँदै पाँच वर्षमा ५० लाख रोजगारी सिर्जना गर्ने लक्ष्य लिएको छ ।

आम जनता पार्टीले अझ अगाडि बढेर शिक्षा, स्वास्थ्य र आधारभूत सेवा निःशुल्क गर्ने वाचा गरेको छ ।

आजपाको घोषणापत्रमा भनिएको छ, 'स्वास्थ्य क्षेत्रमा डिजिटल हेल्थ कार्ड, गम्भीर रोगको पूर्ण निःशुल्क उपचार र प्रत्येक पालिकामा विशेषज्ञ अस्पताल स्थापना गरिनेछ ।' शिक्षा, स्वास्थ्य, खानेपानी र विद्युत् आधारभूत रूपमा निःशुल्क उपलब्ध गराउने प्रतिबद्धता पनि जनाइएको छ । पूर्ण साक्षर राष्ट्र, स्मार्ट कक्षाकोठा र 'एक स्थानीय तह, एक खेलमैदान' जस्ता कार्यक्रम समावेश छ ।

यसका साथै रोजगारीको ग्यारेन्टी गर्ने भनिएको छ । 'एक घर, एक रोजगारी' कार्यक्रम लागू गर्ने र बेरोजगारलाई बेरोजगारी भत्ता दिने घोषणा गरेको छ ।

अर्थात्, विगतका निर्वाचनमा झैं यसवर्ष पनि राजनीतिक दलहरूले कृषिलाई प्राथमिकतामा राखेका छन् । शिक्षा, स्वास्थ्य निःशुल्क गर्ने, बेरोजगारलाई भत्ता दिने जस्ता नाराले निरन्तरता पाएका छन् ।

# बंगलादेशमा निर्वाचन बिएनपीलाई बहुमत



**काठमाडौं/एजेन्सी–** बंगलादेशमा सम्पन्न जनमतसंग्रहमा ६५.३ प्रतिशत मत संवैधानिक सुधारको पक्षमा परेको प्रारम्भिक विवरण सार्वजनिक भएको छ । यसले सन् २०२४ को विद्रोहपछि प्रस्तावित व्यापक राजनीतिक रूपान्तरणका एजेन्डालाई जनसमर्थन प्राप्त भएको संकेत दिएको छ ।

आम निर्वाचनसँगै गरिएको उक्त जनमतसङ्ग्रह 'जुलाई चार्टर' नामक ८४ बुँदे सुधार प्रस्ताव कार्यान्वयनसँग सम्बन्धित थियो । उक्त प्रस्तावले भविष्यमा अधिनायकवादी शासन दोहोरिन नदिन संवैधानिक संरचनामा गहिरो परिवर्तन आवश्यक रहेको उल्लेख गरेको छ । डेली स्टारका अनुसार २७ लाखभन्दा बढी मतदाता सुधारको पक्षमा उभिएका छन् ।

प्रस्तावित सुधारहरूमा कार्यवाहक सरकार गठनको स्पष्ट व्यवस्था, पूर्ण स्वतन्त्र निर्वाचन आयोग स्थापना, द्विसदनीय संसद् प्रारम्भ, प्रधानमन्त्रीको कार्यकालमा सीमा निर्धारण, राष्ट्रपतिको अधिकार पुनर्संरचना, न्यायपालिकाको स्वतन्त्रता सुदृढीकरण तथा संसद्मा महिलाको प्रतिनिधित्व वृद्धि जस्ता प्रावधान समावेश छन् । प्रारम्भिक नतिजाले यी विषयमा मतदाताहरूको सकारात्मक धारणा देखाएको छ ।

निर्वाचनतर्फ प्रारम्भिक गणनाले बंगलादेश नेसनलिस्ट पार्टी (बिएनपी) अग्रस्थानमा रहेको देखाएको छ ।

**युएईमा रोजगार**

कम्पनी : JADID AL ISLAH BUILDING MAINTENANCE — शहर : AJMAN
पूर्व स्वीकृत मितिः २०८२/११/०१ — चलानी नं.: ६०२५२४६७ — LT. No.:338807

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | ELECTRICAN | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५९,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour (building Projects) | 2 | 0 | | 1500 | ५९,०७० | | | | | | | |
| 3. | MASON BRICK/PLASTER | 1 | 0 | | 1500 | ५९,०७० | | | | | | | |
| 4. | TILE LAYER | 1 | 0 | | 1500 | ५९,०७० | | | | | | | |

कम्पनी : JADID NOUR AL SHAMS BUILDING MAINTENANCE — शहर : AJMAN
पूर्व स्वीकृत मितिः २०८२/११/०१ — चलानी नं.: ६०२५२४६६ — LT. No.:338806

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | MASON BRICK/PLASTER | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५९,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Tile Layer | 2 | 0 | | 1500 | ५९,०७० | | | | | | | |
| 3. | PAINTER | 2 | 0 | | 1500 | ५९,०७० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन ९ गते (21 January 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

AASTHA International Employment Pvt. Ltd.
आस्था ईनटरनेशनल इम्प्लोइमेन्ट प्रा.लि.
Samakhusi-26, Kathmandu, Nepal
Contact No.: 01 4557947, 9802358233
E-mail: aasthamanpower@gmail.com
Web: www.asthamanpower.com
Goverment LIC No: 718/064/65

**युएईमा रोजगार**

कम्पनी : ARABIAN GULF FACILITY MANAGEMENT LLC — शहरः DUBAI
पूर्व स्वीकृत मितिः २०८२/११/०१ — चलानी नं.: ६०२५२४६९ — LT. No.: 338910

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Male) | 100 | 0 | स. काममा दक्ष | 1000 | ३९,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NATIONAL CATERING COMPANY LIMITED-WLL — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८२/११/०१ — चलानी नं.: ६०२५२४७० — LT. No.:338987

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 30 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४७,२५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner General | 70 | 0 | | 1000 | ३९,३८० | | | | | | | |

कम्पनी : KHIDMAH- SOLE PROPRIETORSHIP L.L.C. UAE — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८१/१२/१० — चलानी नं.: ६०२४७५५८ — LT. No.:331562 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners Female | 0 | 50 | सम्बन्धित काममा दक्ष | 1000 | ३९,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaners Male | 135 | 0 | | 1000 | ३९,३८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८२ फागुन १० गते (22 February 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २,१०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

RELIABLE MANPOWER RECRUITMENT PVT LTD — Lic. No: 1728/081/082
Sinamangal-09, Kathmandu, Nepal, Tel: 015922931/015922932/015922934
Email: reception@reliablemanpowernepal.com, Website: www.reliablemanpowernepal.com

## मरिण गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
कपिलाकोट, सिन्धुली
बागमती प्रदेश

## वोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति २०८२/११/०२)

यस कार्यालयको बोलपत्र आह्वान सम्वन्धी सूचना बमोजिम रित पूर्वक पेश हुन आएका वोलपत्रहरु मूल्याङ्कन गर्दा न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही रहेका देहाय बमोजिमका बोलपत्रहरु स्वीकृत गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सम्पूर्ण बोलपत्रदाताहरुको जानकारीको लागि आशयको सूचना प्रकाशन गरिएको छ ।

सूचना

| बोलपत्र सम्बन्धी सुचना प्रकाशन मिति | प्रकाशित पत्रिका | बोलपत्र नं. | कामको विवरण | न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता | कबोल रकम रु. (पि.एस र मू.अ. कर समेत) |
|---|---|---|---|---|---|
| २०८२/०९/२१ | हिमालय टाइम्स राष्ट्रिय दैनिक | MRM/Sindhuli/Works/NCB/03/2082-2083 | Marin Gunastariye Saichhik Bikash Tatha Sachhyarata Sudhar Pariyojana | श्री लक्की वान विल्डर्स एण्ड सप्लायर्स प्रा.लि., क.न.पा.-०५, सिन्धुली | १,४३,५१,८३९।९४ |
| २०८२/०९/२१ | हिमालय टाइम्स राष्ट्रिय दैनिक | MRM/Goods/NCB/01/2082-083 | Supply of HDPE Pipes as per Specifications | श्री नेपाल प्लाष्टिक प्रा.लि. धरान, नेपाल | ४८,६७,२७५।५० |

प्रमुख प्रशासकीय अधिकृत

**ओमन र कुवेतमा रोजगार**

कम्पनीः ATLAS DISCOUNT CENTER LLC — शहरः OMAN
पूर्व स्वीकृत मितिः २०८२/११/०१ — चलानी नं.: ६०२५२४८३ — LT. No.: 339015

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Billing Clerk | 1 | 0 | स. काममा दक्ष | 140 | ५२,६०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनीः SOUTH AVENUES SALOON & SPA COMPANY FOR LADIES — शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०४/१३ — चलानी नं.: ६०२४१८९४ — L.T. No.: 327999 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners Female | 0 | 2 | सम्बन्धित काममा दक्ष | 120 | ५६,८८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Hair Stylist/hair Dresser | 0 | 3 | | 150 | ७१,१०४ | | | | | | | |
| 3. | Light Drivers | 2 | 0 | | 135 | ६३,९९४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन ९ गते (21 February 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
Govt. Lic. No.: 821/066/067
Basbari Ward No 3, Kathmandu, Tel.: 01-4956654, 4955978, 9802360330
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158
ISO 9001 : 2015

**साउदीमा रोजगार**

कम्पनीः Safwat Al Khaleej Company — शहरः Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८२/११/०१ — चलानी नं.: ६०२५२४८८ — L.T. No.: 339029

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper/ordinary labourer/loading & unloading worker/cleaner | 15 | 0 | स. काममा दक्ष | 1000 | ३८,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनीः Massadr Human Resources Services Company — शहरः Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८२/११/०१ — चलानी नं.: ६०२५२४८७ — L.T. No.: 339030

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labouers | 50 | 0 | स. काममा दक्ष | 1000 | ३८,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन ९ गते (21 February 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

KANTIPUR MANPOWER SERVICE PVT.LTD.
काठमाडौं-३, सामाखुसी, फोन नं.:०१–४९७९७७७, ४९७९५५५, ४९७९६६६
Email: info@kantipurmanpower.com, Website: www.kantipurmanpower.com
श्रम इजाजत नं. ५२३/०६१/०६२

## बिरुवा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बिरुवा, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

## सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८२/११/०२

यस गाउँपालिकाको मिति २०८२/१०/०९ गते प्रकाशित सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना अनुसार यस कार्यालयमा विधुतीय प्रणाली मार्फत दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु मध्ये तपसिल बमोजिमको दरभाउपत्र न्यूनतम मुल्यांकित तथा सारभूत रुपले प्रभावग्राही भएको हुँदा सार्बजनिक खरिद ऐन,२०६३ को दफा २७(२) र दफा ४७ बमोजिम सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने प्रयोजनार्थ यो आशयको सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र.स | कामको विवरण | दरभाउपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम | कै. |
|---|---|---|---|---|
| 1. | Supply, Delivery and Installation of Different Furniture Items and Fixtures for Different Schools within BRM (Room to Read sanga Sakxartha Sajhedari Karyakram) (SQ No: SQ/BRM/GOODS/002/2082-83) | Sakchyam Nirman Sewa Pvt. Ltd. Kohalpur, Banke | NRs. 1617753.20 (with VAT) | |

प्रमुख प्रशासकीय अधिकृत

# पूर्वराजा शाहलाई राजावादीको भव्य स्वागत



**काठमाडौं/मस–** झापा भ्रमण सकेर काठमाडौं फर्किएका पूर्वराजा ज्ञानेन्द्र शाहलाई काठमाडौंमा भव्य स्वागत गरिएको छ। त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थलको मुख्य गेटबाहिर उनका समर्थकहरूले स्वागत गरेका हुन्।

राजावादी तथा राष्ट्रवादी समूहहरूका कार्यकर्ताहरूले राष्ट्रिय झण्डा फहराउँदै, विभिन्न नारा लगाउँदै पूर्वराजाको स्वागत गरेका थिए। राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानका संयोजक दुर्गा प्रसाईंसहित राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का नेता कमल थापा लगायतका व्यक्तिहरू पनि विमानस्थल पुगेर स्वागतमा सहभागी भएका थिए।

उनको आगमनलाई लिएर विमानस्थल आसपास सुरक्षा व्यवस्था कडा पारिएको थियो। काठमाडौं जिल्ला प्रशासन कार्यालयले विमानस्थल क्षेत्रमा एक महिनाका लागि निषेधाज्ञा जारी गर्दै पाँच जनाभन्दा बढी भेला हुन नपाउने आदेश जारी गरेको भएपनि समर्थकहरूले निषेधाज्ञा छलेर भीड जम्मा गरेका थिए। प्रहरीले विमानस्थलदेखि निर्मल निवाससम्मको क्षेत्रमा उच्च शतर्कता अपनाएको थियो। एसपीको कमान्डमा ठूलो संख्यामा प्रहरी परिचालन गरिएको थियो। समर्थकहरूले 'राजा आऊ, देश बचाऊ' जस्ता नारा लगाइरहेका थिए भने केहीले पूर्वराजाको गाडी देख्नासाथ हात हल्लाएर अभिवादन गरेका थिए।

# पशुपति क्षेत्रमा महाशिवरात्रिको तयारी अन्तिम चरणमा

**काठमाडौं/मस–** महाशिवरात्रिका लागि पशुपति क्षेत्रमा सबै तयारी पूरा भएको पशुपति क्षेत्र विकास कोषले जनाएको छ। महाशिवरात्रि पर्व मनाउनका लागि आराध्यदेव भगवान् पशुपतिनाथ मन्दिरमा श्रद्धालु भक्तजन, साधुसन्त र दर्शनार्थीको उपस्थिति बढ्न थालेको छ। महाशिवरात्रिका लागि कोषले सम्पूर्ण व्यवस्थापन कार्य पनि उच्च प्राथमिकताका साथ गरेको शुक्रबार कोषले आयोजना गरेको पत्रकार सम्मेलनमा जानकारी गराइएको हो। महाशिवरात्रि पर्व सम्पन्न गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री एवं कोष सञ्चालक परिषद्का अध्यक्ष अनिलकुमार सिन्हाको अध्यक्षतामा महाशिवरात्रि पर्व व्यवस्था मूल समारोह समिति गठन गरिएको छ। मन्त्रीको अध्यक्षतामा गठन गरिएको १७१ सदस्यीय मूल समारोह समितिले पनि सक्रियरुपमा काम गरिरहेको छ। मन्त्री सिन्हाको निर्देशन र प्रत्यक्ष उपस्थितिमा कोषले तयारीका काम गरिरहेको छ। पर्व सम्पन्न गर्न नौ वटा विषयगत उप-समिति गठन गरिएको छ।


## OM SHAKUNTALAM TRADING & MULTIPURPOSE PVT. LTD

Sanagau, Lalitpur

Vat No. 610009310 Contact : 9768913355

NOTICE FOR MRP PUBLICATION

| S. N. | Product | MRP Prebox |
|---|---|---|
| 1. | 300x300 MM Floor Tile | 688 |
| 2. | 300x450 MM Wall Tile | 827 |
| 3. | 600x1200 MM Vetrified Tile | 2519 |


नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७९-०६-२७ मा दर्ता भएको प्रा.लि. नं. ३००६३८ को **सुपरनोभा कलेज प्रा. लि.** नामक कम्पनीले दफा १३६क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागी ३० दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ। तोकिएको म्याद भित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।


## मलेसिया र कुवेतमा रोजगार

कम्पनी: PG LEAN HWA TRADING SDN.BHD — शहर : MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/११/०१ — चलानी नं.: ६०२५२४६३ — LT. No.: 339053

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 10 | 7 | स. काममा दक्ष | 1700 | ६३,०१९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी: THE SULTAN CENTER GEN. TRAD.& CONT.CO. — शहर : KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/११/०१ — चलानी नं.: ६०२५२४६४ — LT. No.: 338997

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Salesmen | 50 | 0 | सम्बन्धित काममा दक्ष | 140 | ६६,३६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Helpers/workers | 50 | 0 | | 140 | ६६,३६४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन ९ गते (21 February 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाइ नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

### निलकमल ह्युमन रिसोर्स प्रा. लि.

Gov. lic. No. 793/065/66
Sinamangal -9, Prakash Sanyas Asram Marg airport kathmandu
फोन: ५९१६७१३, ५९१६७१४, मो.: 9818394474, 9823614160, 9823325539, 9801117416
Email: documentation@neelkamalnepal.com, Web.: neelkamalnepal.com
Branch- Chitwan 056598203 | Birtamode 023591044 | Nepalgunj 9823986857, Rautahat 984-0708582

## युएई र कतारमा रोजगार

कम्पनी: HAMS AL HARAYER LADIES SALOON — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/११/०१ — चलानी नं.: ६०२५२४५२ — LT. No.: 339017

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hair Dresser/Hair Stylist | 0 | 1 | सम्बन्धित काममा दक्ष | 1500 | ५९,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | HENNA APPLICATOR | 0 | 3 | | 1500 | ५९,०७० | | | | | | | |
| 3. | MAKER UP | 0 | 1 | | 1500 | ५९,०७० | | | | | | | |
| 4. | Reception Clerk | 0 | 1 | | 1500 | ५९,०७० | | | | | | | |

कम्पनी: SKY ROCK FACILITY MANAGEMENT — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८२/११/०१ — चलानी नं.: ६०२५२४४६ — LT. No.: 338956

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | ASSISTANT STONE MASON | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५५५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cashier | 2 | 0 | | 1400 | ५५५६६ | | | | | | | |
| 3. | Labour | 2 | 0 | | 1100 | ४३६५९ | | | | | | | |
| 4. | Stone Mason | 1 | 0 | | 1500 | ५५५३५ | | | | | | | |
| 5. | Supervisor | 1 | 0 | | 2500 | ९९२२५ | | | | | | | |
| 6. | Tile Setter | 1 | 0 | | 1300 | ५१५९७ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन १० गते (22 February 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाइ नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

### Sky Of The World Manpower Pvt. Ltd.

श्रम ई. पत्र नं.: १०२१/०७३/०७४
Tilganga-9, Manpower Bazar, Kathmandu, Tel.: 01- 4591316, Mob.: 9860924657, 9860049528.
9851068774, 9851035867. E-mail : info@skymanpower.com.np Web.www.skymanpower.com.np

## साउदीमा रोजगार

कम्पनी: MAWARED AL-HAYAT FACTORY FOR BOTTLED DRINKING WATER — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८२/११/०१ — चलानी नं.: ६०२५२४३८ — L.T. No.: 338972

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Drivers | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६९,४२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Load & Unloading Workers | 3 | 0 | | 1000 | ३८,५७० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ फागुन ९ गते (21 Februaray 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाइ नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

### PERFECT DESTINATION PVT. LTD.

Govt. License No: 941/067/068
Kupondole -10, Lalitpur, Nepal Tel 01-5269014, 01-5268998 | Fax 01-5261021
Email: perfect.destination2011@gmail.com, info@perfectdestination.com.np

## ओमनमा रोजगार

कम्पनी : GENERAL DEVELOPMENT SERVICES LLC — शहर : MUSCAT
पूर्व स्वीकृत मिति: २०८२/११/०१ — चलानी नं.: ६०२५२४०७ — LT. No.339024

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners/Public Building | 5 | 6 | स. काममा दक्ष | 100 | ३५,५७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन ९ गते (21 February 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाइ नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

### SWIFT H.R. GROUP AND MANAGEMENT SERVICE PVT.LTD.

ईजाजत नं.: ८०१/०६५/०६६
Milijuli Marg, Chakrapath-04, Kathmandu, Nepal | Tel : 01-5926707
E-mail: Swifthrgroup@gmail.com. Mobile: 9851363948, 9808270475 .

## कतारमा रोजगार

कम्पनी: QSR AL-FKHAMH LLTNZYFAT WALDYAFH — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८२/११/०१ — चलानी नं.:६०२५२४१३ — LT. No.:338906

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hotel Cleaner | 0 | 4 | स. काममा दक्ष | 1000 | ३९,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन ९ गते (21 February 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाइ नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

### Paragon H.R. Management Pvt. Ltd.

Govt.Lic.No. 1519/074/075
Dhumbarahi-4, Kathmandu, Mob.: 9813000522, Tel:-5901247
E-mail : paragonhrmanagement@gmail.com, Web.: www.paragonhrgroup.com


# शे-फोक्सुण्डो गाउँपालिका

ཤེལ་ཕུ་སུམ་མདོ་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

## गाउँ कार्यपालिकाको कार्यालय

साल्दाङ, डोल्पा
कर्णाली प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मितिः २०८२/११/०२**

यस कार्यालयबाट मिति २०८२/०९/२० गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना बमोजिम तपसिलमा उल्लेखित कार्य विवरणसँग सम्बन्धित निर्माण कार्यका लागि बोलपत्र आह्वान गरिएकोमा निर्धारित समयभित्र दर्ता हुन आएका बोलपत्रहरू मूल्याङ्कन गर्दा निम्न बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित एवं सारभूत रुपमा प्रभावग्राही भइ मूल्याङ्कन समितिबाट बोलपत्र स्वीकृतिका लागि सिफारिस भइ आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा (२७) को उपदफा (२) र (३) बमोजिम ऐ. ऐनको दफा (४७) को प्रयोजनार्थ ७ (सात) दिने बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै सरोकारवालाको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

| क्र. सं. | बोलपत्र/ठेक्का/प्याकेज नं. | आयोजनाको विवरण | छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.क.सहित) |
|---|---|---|---|---|
| 1 | SPRM/NCB/DOP/WORKS/2082-083-12 | Constructions of Ward Offices (Ward No. 2 & 7), SPRM, Dolpa | Shey Phoksundo Builders Pvt. Ltd. Shey Phoksundo- 08, Dolpa | 10,142,037.49 |
| 2 | SPRM/NCB/DOP/WORKS/2082-083-13 | Lakxit Wargamaa Pashupalan Kaa Laagi Chauri Firm Nirman, Ward-09, SPRM, Dolpa | Dolpo Nirman Sewa, Phoksundo, Dolpa | 1,638,456.94 |

प्रमुख प्रशासकीय अधिकृत


# ZERO COST EMPLOYMENT IN MALAYSIA !!!
# मलेशियामा शुन्य लागतको रोजगारी !!!

**No Recruitment Fees & Cost**: - New issuance or renewal of passport for obtaining an employment, Bio-Medical Examination, visa processing, foreign employment insurance, Welfare & Social security fund (SSF), pre-departure orientation training, air ticket (From Kathmandu Airport to Malaysia Airport For departure), in-bound land transportation, accommodation, and in-transit subsistence costs upon the candidate's arrival for the pre-interview session & Aakarshan's service charge which will be fully covered by the employer.

(शून्य रोजगार खर्च र शुल्क : वैदेशिक रोजगारीको लागि नयाँ राहदानी जारी गर्न वा नविकरण गर्न, स्वास्थ्य परीक्षण, भिषा प्रक्रिया, वैदेशिक रोजगार वीमा, कल्याणकारी कोष, सामाजिक सुरक्षा कोष (एसएसएफ), प्रस्थानपूर्वको अभिमुखीकरण तालिम, हवाई टिकट (काठमाडौं एयरपोर्ट देखि मलेसिया एयरपोर्ट सम्म उडानको लागि), उम्मेदवारहरु पूर्व छनौट सत्रमा आएको समयदेखि पछिको यातायात, आवास, खाना खर्च, र आकर्षणको सेवा शुल्क पूर्ण रूपमा रोजगारदाताले वहन गर्नेछ।)

## A. Employer's Information (रोजगारदाताको विवरण)

Name: Panasonic System Network Malaysia Sdn. Bhd. — Address : Johor, Malaysia
नाम: प्यानासोनिक सिस्टम नेटवर्क मलेसिया एसडिएन. बिएचडी. — ठेगाना: जोहर, मलेशिया

### Short description about Company (कम्पनीको बारेमा छोटो जानकारी)

Panasonic System Network Malaysia (PSNM) established in 1980, as manufacturer of TV components. Since then, the company has transformed into a multi-product manufacturer, with expertise in B2C/ B2B productions and solutions business. Besides producing office and communication products, hearing aids, home network products, we also providing and specialized business solutions. The company has since her inception, always put customers' satisfaction as the first and foremost priority.

प्यानासोनिक सिस्टम नेटवर्क मलेसिया (PSNM) सन् १९८० मा टिभीका कम्पोनेन्टहरू उत्पादन गर्ने उद्देश्यले स्थापना गरिएको हो। त्यसयता कम्पनीले आफूलाई बहु-उत्पादन निर्माता रूपमा रूपान्तरण गर्दै B2C तथा B2B उत्पादन र समाधान व्यवसायमा दक्षता हासिल गरेको छ। कार्यालय तथा सञ्चार सम्बन्धी उत्पादनहरू, श्रवण सहायता उपकरण (हियरिङ एड्स) र घरेलु नेटवर्क उत्पादनहरू उत्पादन गर्नुका साथै, विभिन्न व्यवसायिक समाधानहरू पनि प्रदान तथा विशेषज्ञता हासिल गर्दै आएका छौं। स्थापनाकाल देखि नै कम्पनीले सधैं ग्राहक सन्तुष्टिलाई पहिलो र सर्वोच्च प्राथमिकताका रूपमा राख्दै आएको छ।

### Pre-Approval Details (पूर्व-स्वीकृतिको विवरण):

| Pre Approval Date: | 12/02/2026 | Consignment No.: | 60252373 | L.T. No.: 338858 |
|---|---|---|---|---|
| पूर्व स्वीकृत मिति: | २०८२/१०/२९ | चलानी नं.: | ६०२५२३७३ | एल टी नं.: ३३८८५८ |

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | माग संख्या Required No's महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary रिङ्गिट MYR | मासिक तलब Monthly Salary ने.रु. NPR | ओभरटाइम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. १. | Factory Worker कारखाना कामदार | 2 २ | 47 ४७ | Able to read, Write & Speak English अंग्रेजीमा लेख्न, बोल्न र पढ्न सक्ने | 1700 १७०० | 62,654 ६२,६५४ | As per the company rule कम्पनीको नियम अनुसार | 7.5 hours ७.६ घण्टा | 6 Days ६ दिन | As per the company rule कम्पनीको नियम अनुसार | No छैन | Yes छ | 2 Years दुई वर्ष |

| स्वदेशमा बनाउने पासपोर्टको शुल्क कसले व्यहोर्ने र कति लाग्ने Who Bears Passport making Fees | स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने Who Bears Domestic Medical Fees | बिदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने Who Bears Overseas Medical Fees | स्वदेशमा गरिने म्यादी जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने Who Bears Foreign Employment Term Life insurance (Domestic) | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Who Bears Foreign Employment insurance Premium (Overseas) | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने Who Bears Air Fare | भिषा शुल्क कस्ले व्यहोर्ने Who Bears Visa Fees | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने Who Bears Visa Stamping Fees | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने Who Bears Pre-Departure Orientation Fees | कल्याणकारी कोष सम्बन्धी व्यवस्था Who Bears Welfare Fund Payment | स्वदेशमा लाग्ने सामाजिक सुरक्षा कोषको रकम कस्ले व्यहोर्ने र कति लाग्ने Who Bears Social Security Fund Payment | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने Who Bears Service Charge |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer |

## B. Employment Related Information (रोजगारी सम्बन्धी जानकारी)

1. **Nature /Scope of Work (कार्यको प्रकृती/क्षेत्र): Factory Worker (कारखाना कामदार)**
2. **Work Shift (कार्य शत्र):-** Day Shift (दिवा शत्र)/ Night Shift (रात्रीकालिन शत्र)
3. **Overtime Facility (ओभरटाइम सुविधा):-** The employer is committed to limiting the total workweek to no more than sixty (60) hours, inclusive of regular working hours and voluntary overtime, in accordance with Malaysian labor laws and company policies. (मलेशियाको श्रम कानुन र कम्पनीको नियमानुसार सामान्य काम गर्ने समय र स्वेच्छिक ओभरटाईम समेत गरेर हप्तामा साठी (६०) घण्टासम्म कार्य प्रदान गर्नको लागि रोजगारदाता प्रतिबद्ध छ ।)

**Overtime calculation will be as below: (ओभरटाइमको गणना निम्नानुसार हुनेछ):**

i) **Overtime calculation shall comply with the provisions of Malaysian Labour Law**
(ओभरटाइमको गणना मलेसियाको श्रम कानुनका प्रावधान अनुसार गरिनेछ।)

### 4. Leave Entitlements & Working Hours (विदा र कार्य घण्टा सम्बन्धी विवरण)

**a. Leave Entitlements (विदा सम्बन्धी विवरण)**
- Annual Leave 8 Days in a year (बार्षिक बिदा ८ दिन)
- Sick Leave 14 days per year (बिरामी बिदा बर्षको १४ दिन)
- Hospitalization Leave 60 days per year (अस्पताल भर्ना वापतको बार्षिक बिदा ६० दिन)
- Public Holiday 11 days per year (सार्वजनिक बिदा बर्षको ११ दिन)

**b. Key Working Hours Details (कार्य घण्टा सम्बन्धी विवरण)**

Under Malaysian Employment Act, 1995, Key Details on Working Hours, which will be implemented (मलेसियाली रोजगार ऐन, १९९५ अन्तर्गत कार्य घण्टासम्बन्धी मुख्य विवरणहरू, जुन लागू हुनेछ)
- Weekly Limit: The Maximum of 45 hours (साप्ताहिक सीमा: अधिकतम ४५ घण्टा)
- Rest day: Will get a day off in a week (आराम दिन: हप्तामा एक दिन बिदा पाउने ।)

**All leave entitlements are fully paid according to the rules and apply over the two-year employment period.**
**(सबै बिदा अधिकारहरू नियमानुसर पूर्ण रूपमा भुक्तान गरिन्छ र दुई वर्षको रोजगार अवधिसम्ममा लागू हुनेछ ।)**

Workers can return to their home country in the event of an emergency without incurring any penalties.
**("आपतकालीन अवस्थामा कामदारहरू कुनै पनि दण्ड जरिवाना बिना आफ्नो देश फर्कन पाउनेछन्।")**

5. **Medical and Accident Insurance (मेडिकल र दुर्घटना बीमा):** Employment Injury Scheme Under the Employees' Social Security Act 1969 and if applicable, the Foreign Workers Health Insurance Scheme (SPIKPA) or any other insurance scheme as may be adopted by the Government of Malaysia.
कर्मचारी सामाजिक सुरक्षा ऐन १९६९ अन्तर्गत रोजगार चोट वा दुर्घटना योजना लागू भएमा विदेशी कामदार स्वास्थ्य बीमा योजना वा मलेसियाली सरकारले अपनाउन सक्ने अन्य कुनै बीमा योजनाहरू लागु हुनेछ।

## C. Interview Schedule Details (अन्तर्वार्ताको समय तालिका)

### 1. Screening Orientation ( छनौट अभिमुखीकरण)

**The Screening Orientation is scheduled to take place on 14 to 19 February 2026 at our office premises in Kathmandu.**
**(छनौट अभिमुखीकरण मिति २ फागुन देखि ७ फागुन २०८२ गतेसम्म कार्यालय परिसरमा हुनेछ ।)**
**Employment screening registration will be open for three days, from 10:00 AM to 4:00 PM. (रोजगारीको लागि छनौट दर्ता प्रकृया तिन (३) दिनको लागि बिहान १० बजेदेखि अपराह्न ४ बजे सम्मको लागि हुनेछ ।)**

### 2. Final Interview (अन्तिम-अन्तर्वार्ता)

**The final interview is scheduled to take place on 21 February 2026 (Final interview date), at our office premises in Kathmandu.**
**(अन्तिम-अन्तर्वार्ता मिति ९ फागुन २०८२ गते कार्यालय परिसर काठमाडौंमा हुनेछ ।)**

## D. Important Information to Applicant (आवेदकलाई महत्वपूर्ण जानकारी)

❖ **Alert Notice: Fraud, Misleading Information, Third-Party Agents (धोकाधडी, भ्रामक जानकारी र एजेन्ट बारे महत्वपूर्ण जानकारी):**
- **No Sub-Agents Allowed (सब-एजेन्ट बिनाको रोजगारी):** Nepal Government strictly prohibits the use of sub-agents in recruitment process & Aakarshan does not allow it. (नेपाल सरकारले वैदेशिक रोजगारीमा एजेन्टको अनुमति दिदैन र आकर्षणले एजेन्टको प्रयोग पूर्ण रुपमा निषेद गरेको छ ।)
- Aakarshan operates exclusively on a "ZERO COST & FEE- EMPLOYER PAY PRINCIPLE- EPP" recruitment model without branch offices, agents, or intermediaries. Any contrary claims are false and should be reported. (आकर्षणले शुन्य लागतमा रोजगार दाताद्वारा कुल लागतमा पुर्ण रुपमा भुक्तानि गर्ने कार्य प्रणलिमा मात्र काम गर्दछ। यसको कुनै पनि शाखा कार्यालय र एजेन्ट छैन। यदि कुनै गलत कार्य भएको पाईएमा खबर गर्नुहोस ।)

❖ **Loan, Bond, Deposits & Saving Programs (ऋण, तमसुक, नगद जम्मा र बचत कार्यक्रम):**
- Apply directly without using any intermediators (मध्यस्थकर्ता विना नै प्रत्यक्ष रुपमा आवेदन दिनुहोस्)
- Avoid Loans or advance payments to anyone (अग्रिम भुक्तानी वा ऋणमा आवद्द नहुनुहोस्)
- Do not deposit Property, educational certificates, Livestock, jewelry, Phones, or other valuable items for obtaining the employment (यो रोजगारीका लागि तपाईले घरजग्गा, शैक्षिक योग्यताका प्रमाणपत्रहरु, घरपालुवा जनावर, गरगहना, फोन र अन्य मुल्यवान बस्तुहरु लिनेदिने गर्न पर्नेछैन्।)

❖ **Gift, Bribes & No Conflicts of Interest (उपहार, घूस र स्वार्थकेन्द्रित उदेश्य हुनेछैन):**
- **Gifts (उपहार)**: Candidates and their family members are not required to give or receive any gifts for employment. (उम्मेदवार र उनीहरुको परिवारका सदस्यले रोजगारका निम्ति कुनै किसिमको उपहारहरु कसैलाई दिनु पर्नेछैन।)
- **Prohibition of Bribes (घूस निषेध)**: Bribery and any means of obtaining undue advantage are strictly prohibited. (घुस र कुनै फाईदा हुने किसिमका कार्य हरुलाई पुर्ण रुपमा निषेध गरिएको छ ।)
- **Conflict of Interest (स्वार्थ केन्द्रित उदेश्य)**: No decision will be made based on conflicts of interest. (स्वार्थ केन्द्रित आधारमा कुनै निर्णय गरिने छैन।)

❖ **Termination & Early Leave (वर्खास्त र करार अगावै फिर्ती प्रक्रिया):**
- Workers can resign anytime without fees if they give the required notice. (कामदारहरुले अग्रिम सूचना दिई कुनै पनि समयमा राजीनामा गर्न सक्नेछन् जसवापत कुनै पनि कटौती हुनेछैन।)
- Employers must ensure no wage deductions or retaliation for proper resignations. (उचित समयावधिको सूचना दिई राजीनामा गरेको अवस्थामा रोजगारदाताले कुनै पनि कटौती गर्न र बदला लिने सोच राख्न पाउनेछैन।)
- The employer covers repartition expenses upon contract completion or early termination with adequate notice. (कामदारले सम्झौता पूरा भएपछि वा सम्झौताको बिचमा सूचना दिएर नेपाल फर्कन चाहेमा रोजगारदाताले लाग्ने खर्चहरू बेहोर्नु पर्नेछ ।)

❖ **Age Verification (उमेर प्रमाणीकरण):**
- Bring at least two original government-issued documents for identity/age verification: (i) Nepali Citizenship card (or existing passport) (ii) Any other government-issued photo ID. (उमेर प्रमाणीकरणका लागि कम्तिमा दुईवटा सरकारले जारी गरेका कागजातहरू ल्याउनु पर्दछः (i) नेपाली नागरिकताको प्रमाण पत्र (वा राहदानी भएमा) (ii) सरकारले जारी गरेको कुनै अन्य फोटो भएको आईडी।)

❖ **Non-Discrimination (भेदभाव रहित):**
- Aakarshan promotes a safe and respectful workplace, ensuring fair opportunities for all without discrimination. (आकर्षणले सुरक्षित र सम्मानजनक कार्य स्थलको सुनिश्चत्ता गर्दछ र भेदभाव रहित वातावरणको निश्चित्ता गर्दछ ।)
- Aakarshan ensures no discrimination or harassment based on race, color, age, gender, sexual orientation, gender identity, ethnicity, disability, pregnancy, religion etc. in hiring and employment practices. (आकर्षणले रंग, जात, धर्म, उमेर, लिङ्ग, गर्भवस्था आदिका आधारमा कुनै पनि भेदभाव र अमानवीय व्यवहार हुन दिदैन र यसको सुनिश्चितता गर्दछ।)
- Aakarshan ensures that workers have the right to participate in religious programs and are free to observe their respective religious activities. (आकर्षणले कामदारहरुको आफ्नो धर्म अनुसारको गतिविधि गर्न र सलंग्न हुन पाउने स्वतन्त्रताको सुनिश्चितता गर्दछ ।)

❖ **Freedom of Association & Collective Bargaining (संघ र सामूहिक सम्झौताको स्वतन्त्रता):**
- Workers have the right to freedom of movement, basic liberties, and collective bargaining as allowed by local law without discrimination based on their association. (स्थानीय कानुनले दिएको अधिकारको आधारमा कामदारहरुले कुनै पनि संघ संस्थामा आवद्द हुन पाउने स्वोतन्त्रता, बिना रोकतोक घुमफिर गर्ने अधिकार र आफ्नो आवाज सामुहिक रुपमा उठाउन पाउनेछन्।)

### Information Provided by Department of Foreign Employment (DOFE):
### (वैदेशिक रोजगार विभागद्धारा प्रदान गरिएको जानकारी):

Information provided by the Department of Foreign Employment (DOFE) बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी: 1. Make sure you get the visa in your name. १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। 2. Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। 3. Be clear on the services, facilities and salary that is mentioned in this advertisement ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। 4. Orientation or induction training must be taken before going for foreign employment. ४. विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । 5. Sign the employment contract only after reading carefully about the country, company, services and facilities you are going to And keep a copy of employment contract with yourself. ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुबिधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। 6. Please use Nepal's Airport while going for Foreign Employment, otherwise there is possibility of being cheated. ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। 7. If you would like to know anything more about this advertisement, please contact Department of Foreign Employment. ७. यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, सम्पर्क गर्नुहोला ।

## E. Grievance and Whistleblower Reporting Alert (गुनासो र गोप्य सूचना दर्ता)

Aakarshan encourages a "Speak-up" culture. Report any unethical behavior without fear. Anonymous reports are welcome, and confidentiality will be ensured. (आकर्षणले बोल्ने स्वतन्त्रता र आफ्ना धारणा व्यक्त गर्ने अधिकारको सम्मान गर्दछ । कुनै अनैतिक गतिविधि देख्नुभयो भने हामीलाई गोप्य रूपमा जानकारी दिन सक्नुहुन्छ । तपाईको विवरण पूर्ण गोप्य राखिनेछ र बदला रहित वातावरणमा सम्बोधन गरिनेछ।)

**Grievance Reporting Mechanism of Aakarshan (आकर्षणमा गुनासो दर्ता गर्ने माध्यम):**
Emailing at: whistleblower.aakarshan@gmail.com or making direct call & SMS at 9847757089
(इमेल वा गुनासो समन्वय गर्ने नम्बरमा फोन वा एसएमएस मार्फत दर्ता गर्न सक्नु हुनेछ ९८४७७५७०८९ ।)

### AAKARSHAN INTERNATIONAL PVT. LTD.

(An Ethical Certified Foreign Recruitment Agency)
Pashupati Road,Ratopul,Ward No.7, Kathmandu,Nepal
Tel: 01- 4598701 (Hotline) | Mobile: 9801122306
Email:information.aakarshan@gmail.com, Web:www.aakarshannepal.com.np

पुस्तक समीक्षा

# साहित्यिक तिर्खा मेट्ने अतृप्तको 'घर फर्कने तिर्खा' !

'घर फर्कने तिर्खा'भित्रका कवितामा शब्द सरल छ, भाव सरस छ । कवितामा मानवीय भावना प्रबल रूपमा आएका छन्, केही कवितामा पर्यावरण चेतनालाई नूतन ढंगले प्रस्तुत गरिएको छ ।



■ रत्नप्रसाद श्रेष्ठ अनामणी

एकातिर सरकारी सेवाको गहन जिम्मेवारी, अर्कोतिर सिर्जनाको अथाह भोक । दिनभर कार्यालयका फाइल र प्रशासनिक काममा व्यस्त रहने हातहरू जब फुर्सद पाउँछन्, तब तिनले कलम समाउँछन् र कोरिन थाल्छन्- कविता, गजल अनि मुक्तकहरू । 'नेपाल विद्युत् प्राधिकरण'का प्रशासकीय अधिकृत भए पनि चेतनाको उज्यालो बाँड्ने एक कुशल सर्जकको नाम हो विष्णु आचार्य 'अतृप्त' । उनको स्थायी मुकाम नुवाकोट हो ।

२०३० साल पुस ५ गते नुवाकोटको विदुर-५, माझी टारमा पिता स्व. पुष्पनाथ आचार्य र माता रमादेवी आचार्यको कोखबाट जन्मिएका विष्णु आचार्यको साहित्यिक नाम 'अतृप्त' हो । नुवाकोटको माटोमा बाल्यकाल बिताएका आचार्य हाल काठमाडौंको तारकेश्वर-२, जरङ्खुमा बसोबास गर्दै आएका छन् ।

नेपाली विषयमा एम.ए., बि.एड. तथा एम.पि.ए.सम्मको उच्च शैक्षिक योग्यता हासिल गरेका आचार्यको अनुभवको दायरा फराकिलो छ । उनले आफ्नो कर्मको सुरुवाती चरणमा सुभेनियर बोर्डिङ स्कुल र पाइनियर अंग्रेजी आवासीय मा.वि. मा शिक्षण पेसा गरेका थिए । त्यति मात्र नभई नुवाकोट आदर्श बहुमुखी क्याम्पसमा आंशिक प्राध्यापन गरेर प्राज्ञिक क्षेत्रमा पनि आफ्नो छाप छोडेका विष्णु नेपाली साहित्यका युवा प्रतिभा हुन् ।

विभिन्न विद्यालयको व्यवस्थापन समितिमा रहेर समेत शैक्षिक नेतृत्व प्रदान गरेका अतृप्त हाल नेपाल विद्युत् प्राधिकरणमा प्रशासकीय अधिकृत (सातौं तह)मा कार्यरत छन् ।

पेसाले प्रशासक भए पनि विष्णुको मन भने साहित्यमै रमेको छ । उनका रचनाहरू रातोपाटी, सेतोपाटी, साहित्य पोस्ट जस्ता चर्चित अनलाइन तथा विद्युत्, ज्योति, वैजयन्ती, शब्दसंयोजन लगायतका दर्जनौं पत्रपत्रिकामा प्रकाशित भइरहन्छन् ।

आफ्नो कार्यक्षेत्र (नेपाल विद्युत् प्राधिकरण)भित्र पनि उनी एक अब्बल कविका रूपमा परिचित छन् । प्राधिकरण स्तरीय खुला कविता प्रतियोगितामा २०७० सालमा प्रथम, २०६२ मा द्वितीय र २०६१ मा तृतीय स्थान हासिल गरेका उनी निरन्तर साहित्य साधनामा साधनारत छन् । समग्रमा, विष्णु आचार्य 'अतृप्त' पेसागत धर्म र सिर्जनात्मक कर्मलाई सँगसँगै डोऱ्याउने एक अथक साधक हुन् भन्दा फरक पर्दैन । उनको हालै कविता संग्रह घर फर्कने तिर्खा प्रकाशित भएको छ । यस संग्रहमा ४९ वटा कविता संग्रहित छन् ।

> विष्णु आचार्य 'अतृप्त'का कविताहरू दिग्भ्रमित मानिसहरूका कहानी जस्ता लाग्छन् । उनका कविताहरूमा भरभराउँदो, ज्युँदो र हस्तक्षेपकारी बिम्बहरू अटाएका छन् । मानवको मनको भित्री तहसम्म प्रवेश गर्न सक्ने भावहरू उनका कवितामा अभिव्यक्त भएका छन् ।

विष्णु आचार्यका कविताहरू दिग्भ्रमित मानिसहरूका कहानी जस्ता लाग्छन् । उनका कविताहरूमा भरभराउँदो, ज्युँदो र हस्तक्षेपकारी बिम्बहरू अटाएका छन् । मानवको मनको भित्री तहसम्म प्रवेश गर्न सक्ने भावहरू उनका कवितामा अभिव्यक्त भएका छन् । ग्रामीण बोलीचालीमा आउने मीठा शब्दहरूदेखि लिएर आध्यात्मिक र वैज्ञानिक शब्दहरू पनि प्रचुर मात्रामा प्रयोग भएका छन् । उनका कविता संग्रहको 'परदेशीको पत्र' शीर्षकको कविताको कविताांश हेरौं -




म हिँडे अनि भन्छ्यौ  
घरको ठाउँमा घर छैन  
म उडेँ अनि भन्छ्यौ  
पिपलछेउको बर छैन  
भरी गाग्राको साइत सपना त थिएन नि हगि  
बोहटाभरि दहीको सगुन भ्रम त थिएन नि हगि

(घर फर्कने तिर्खा, पेज २१)

नेपालमा प्राकृतिक विकटता एक समस्या हो । 'कृष्णभीर, त्रिशूली र म' शीर्षकको कवितामा यस कुरालाई कविले मार्मिक रूपमा प्रस्तुत गरेका छन् । यस कवितामा ग्रामीण परिवेशमा दुःखित भएर जिउनुपर्ने बाध्यतालाई काव्यिक ढंगले प्रस्तुत गरिएको छ, जुन निकै सान्दर्भिक छ ।

जीवन ब्रह्मनालमा छ  
आस्थाका धरहराहरू  
जिजीविषाका सगरमाथाहरू  
आँखाको डिलैबाट खसेर  
खण्डहरको अनुवाद भइरहेछन्

(घर फर्किने तिर्खा, पृ. २७)

उनका कविताहरूमा लाक्षणिक अर्थसँगै व्यञ्जनात्मक अर्थ भरिपूर्ण छन् । सर्सर्ती हेर्दा यिनका कविता अभिधात्मक लागे पनि भावमा पसेर हेर्दा त्यस्तो लाग्दैन । 'बाघ बाहिरिएपछि' शीर्षकको कविता ज्वलन्त उदाहरण हो ।

आखिर बाघ त  
सरासर जंगलतिर गएर  
फट्याङ्गाको शिकार पो गर्न थाल्यो

(घर फर्कने तिर्खा, पृ. ११२)

साँच्चिकै भन्ने हो भने उनका छोटा कविता निकै चोटिला र मार्मिक रहेको पाउँछौं । यसको उदाहरणका रूपमा 'मित्रता' कवितालाई लिन सकिन्छ । मित्रताको नाममा भएका समस्यालाई यस कवितामा व्यक्त गरिएको छ ।

कर गरी गरी  
एक कप कफी खुवाउँछन्  
र बदलामा  
एक पाउन्ड रगत तानेर लान्छन्  
म रक्त अल्पताको बिरामी  
आजकाल  
मित्रता धान्न मुश्किल पर्दै छ

(घर फर्कने तिर्खा, पृ. १०३)

उनका कविताहरू राष्ट्रियताका भावले ओतप्रोत छन् । प्राकृतिक, सांस्कृतिक, जनजीवन, ग्राम्य परिवेश, सहरको कोलाहल, मानिसका आन्तरिक मनको विरह आदिलाई प्रवाहमय बिम्ब प्रस्तुत गरिएको विष्णु आचार्य 'अतृप्त'को कविता संग्रह घर फर्कने तिर्खा अरू कविता संग्रहभन्दा भिन्नै छ ।

शब्द सरल छ, भाव सरस छ । यिनका कवितामा मानवीय भावना प्रबल रूपमा आएका छन्, केही कवितामा पर्यावरण चेतनालाई नूतन ढंगले प्रस्तुत गरिएको छ । पर्यावरण चेतना आजको नेपाली साहित्यको एक नयाँ आविष्कार हो, जसलाई आचार्य जस्ता साहित्यकारले आफ्ना रचनामा सचेत ढंगले प्रयोग गरेका छन् ।

कृष्णदेव रिमालको प्रकाशकीयमा भनिएको छ -

'मानवताको मैदानमा पोषणदायी फसल बनेर लहराइरहेका हुन्छन् उहाँका कविता । मान्छेका भाँचिएका मनलाई सीपको सियोले खिपेर मानव व्यवहारोचित भावहरू झुलाइरहेका छन्, यत्रतत्र स्खलित राष्ट्रियतालाई नयाँ पहिचान दिएका छन्, निर्जीव शब्दका शरीरमा भावहरूले आत्मवत् सजीवता भरेका छन् उहाँका कविताले । मान्छेका आला दुःख र सुकेका सुखलाई समन्वयात्मक रूपमा सजाउन सफल यस्ता कविहरू नेपाली साहित्यमा चम्किरहुन् !'

(घर फर्कने तिर्खा, प्रकाशकीय, पृ. ७)

उनको एउटा सानदार कविताांश हेरौं -

चुलिँदै-चुलिँदै गएपछि  
तिमीमा अहमको सगरमाथा  
भुलिँदै-भुलिँदै गएपछि  
पूर्वजको अमर गाथा  
चिसो अगेनाको छेउमा टुक्रुक्क बसेर  
सुस्केरा मिश्रित साउतीमय स्वरमा  
भोगाइजन्य आत्मकथा सुनाउनबाहेक  
अरू म के नै पो गर्न सक्छु र छोरा !

(घर फर्कने तिर्खा, पृ. ६८)

यस्ता सानदार कविताहरूले यो संग्रह भरिपूर्ण छ । विष्णु आचार्य अतृप्तको यस कविता संग्रह नेपाल विद्युत् प्राधिकरण अन्तर्गत विद्युतकर्मी साहित्य समाजले प्रकाशन गरेको हो ।

कविता

## सुकिलो कोट र द्रव्यले बनेको देवता



दीपक घिमिरे

एउटा सुकिलो कोट  
कुनै सिलाई घरमा यसै उसै सिइएको होइन  
यो त हजारौं अभावको छालमा नपरी  
चुपचाप चुपचाप सिइएको हो ।

यसको भित्री खल्तीमा  
जनताको पसिना सुकेको छ,  
र बाहिरी बटनमा  
आश्वासनको झिल्को टाँसिएको छ  
त्यो कोट उभिन्छ मञ्चमा  
टिलिक्क टल्किएर,  
दायाँबायाँ ढल्किएर  
उसको आवाज भारी हुन्छ,  
शब्द-शब्दमा देशभक्ति देखिन्छ ।

तर शब्द र सत्यबिच  
द्रव्यको बाक्लो पर्दा झुन्डिएको हुन्छ  
त्यो पर्दा च्यात्न,  
न नारा पुग्छ, न ताली पुग्छ,  
र त त्यो कोट टल्किरहन्छ,  
दायाँबायाँ ढलिरहन्छ  
ऊ हरेक पटक भन्छ,  
म तिम्रै हुँ, तिमिसँगै छु,  
तर उसको समय हरेक दिन  
हिसाबकिताबसँग बित्छ ।

उसको निद्रा भोकको आवाजले होइन,  
दररेटको उतारचढावले भङ्ग हुन्छ  
हिजो ऊ जनतामा घुल्थ्यो,  
आज जनता उसमा हराउँछन्  
उसको मुस्कान  
मिडियाको फ्रेमभित्र सुरक्षित छ,  
र हाम्रो आँसु सडकको धुलोसँग मिसिन्छ ।

द्रव्यले बनेको देवता मन्दिरमा होइन,  
कक्षमा बस्छ  
त्यहाँ घण्टी बज्दैन, फाइल सारिन्छ  
त्यहाँ फूल चढाइँदैन, आकांक्षा चढाइन्छ  
र प्रसादमा हामीलाई फेरि आश्वासन बाँडिन्छ  
उसको न्याय तराजुमा होइन,  
तौलमा नापिन्छ  
उसको नैतिकता ग्रन्थमा होइन,  
सम्झौतामा लेखिन्छ  
र देश फेरि पनि उस्तै-उस्तै देखिन्छ  
सुकिलो कोट अझै सफा छ,  
किनकि  
त्यसले कहिल्यै  
साँचो संघर्षको माटो छोएको छैन  
हाम्रो रगतले भिजेको जमिनमा  
उसले अवसरको जुत्ता रोप्छ,  
तर इतिहास कोटले होइन  
नाङ्गो सत्यले लेखिन्छ

एक दिन  
द्रव्यको देवता आफ्नै मौनताले ढल्नेछ  
सुकिलो कोट लाजले भारी हुनेछ  
त्यसै त्यसै महामारी हुनेछ  
त्यस दिन हामी बुझ्नेछौं-  
मान्छेमा देवता खोज्नु गल्ती रहेछ,  
मान्छे बनेर मान्छेकै पक्षमा उभिनु  
सबैभन्दा ठूलो राजनीति रहेछ ।

## दुई मुक्तक



रिता गिरि 'रेनुका'

१.

नमिठो लाग्छ चौरासी व्यञ्जन अघाएपछि  
हुन्जेल कदर हुँदैन, महसुस हुन्छ गुमाएपछि  
अचम्म मान्छेको व्यवहार, लत्याउँछन् ज्युँदैमा  
झुकाएर शिर, खुट्टा ढोग्छन् चित्तामा चढाएपछि ।

२.

मेटिएपछि तिर्खा कुवाको जल बिर्सन्छन्  
दुःख पर्दा फैलाएको आँचल बिर्सन्छन्  
चढेपछि एउटा खुड्किलो सफलताको  
मान्छे आफूले टेकेको धरातल बिर्सिन्छन् ।

# उचाइको मापन

कथा



■ समर शर्मा

> केही दिनपछि अरूण सहर फर्कनुअघि गाउँपालिकामा गयो । उसले प्रस्ताव राख्यो- 'सीता आमाका लागि सुरक्षित घर बनाऔँ । अनि त्यो घरलाई सानो सामुदायिक पुस्तकालय बनाऔँ ।'

माघको अन्तिम साता थियो । पहाडी जिल्लाको सानो बजार 'सिमखोला' बिहानैदेखि असामान्य रूपमा चहलपहलपूर्ण थियो । गाउँपालिकाले आज 'विकास महोत्सव' आयोजना गरेको थियो । रंगीन गेट बनाइएका थिए, माइकबाट देशभक्तिका गीत घन्किरहेका थिए र चौकमा ठूला-ठूला होर्डिङ टाँसिएका थिए- समृद्ध सिमखोला, हाम्रो सपना ।

अरुण धेरै वर्षपछि आफ्नो गाउँ फर्किएको थियो । सहरमा इन्जिनियरिङ पढेर ऊ केही दिन बिदामा आएको थियो । बजारको परिवर्तन देखेर ऊ छक्क परेको थियो- नयाँ भवन, कालोपत्रे सडक, क्याफे, बैंक । तर उसको मन कताकता खाली जस्तो थियो ।

चौकमा उसले आफ्नो पुरानो साथी मिलनलाई भेट्यो । मिलन अहिले गाउँपालिकामा कार्यरत थियो । टल्किने कोट, छातीमा परिचयपत्र, हातमा मोबाइल- उसको चालढाल बदलिएको थियो ।

'कस्तो लाग्यो हाम्रो गाउँ ? अब त सहरलाई टक्कर दिन्छ नि !' मिलनले गर्वका साथ सोध्यो ।

अरुण मुस्कुरायो, 'बाहिरबाट हेर्दा त राम्रै छ ।'

उनीहरू कार्यक्रमतर्फ लागे । मञ्चमा नेताहरू पालैपालो भाषण दिइरहेका थिए । कसैले नयाँ भवनको चर्चा गर्थे, कसैले बजेटको । तालिका अनुसार 'गाउँका उत्कृष्ट व्यक्तित्व'लाई सम्मान गर्ने कार्यक्रम पनि थियो ।

पहिलो सम्मान एक ठूला व्यापारीलाई दिइयो- उनले बजारमा तीन तले घर बनाएका थिए । दोस्रो पुरस्कार एक नेताका नजिकका मान्छेलाई- उनी 'सामाजिक अभियन्ता' घोषित भएका थिए । तेस्रो सम्मान मिलनलाई नै- 'युवा परिवर्तनकारी'को उपाधि ।

ताली बजिरहँदा अरुणको नजर मञ्चभन्दा टाढा, खोल्साको किनारतिर गयो । त्यहाँ एक वृद्धा बुढी आमा ढुङ्गामा बसेर भीड हेरिरहेकी थिइन् । उनको नाम सीता आमा थियो । गाउँका धेरै बालबालिका उनको सानो झुपडीमा गएर पढेका थिए । उनले वर्षौंदेखि निःशुल्क अक्षर सिकाउँदै आएकी थिइन् । उनको आफ्नै सन्तान थिएन, तर सारा गाउँका बालबालिका नै उनका सन्तानजस्ता थिए ।

अरुण सानो हुँदा पनि सीता आमाले नै उसलाई अक्षर चिनाएकी थिइन् । कार्यक्रम सकिएपछि अरुण सीता आमातिर गयो ।

'आमा, तपाईं यहाँ एक्लै ? तपाईंलाई त सम्मान गर्नुपर्ने हो नि आज,' उसले नम्र स्वरमा भन्यो ।

सीता आमा हल्का हाँसिन्, 'मलाई के सम्मान बाबु ? म त जे जानेँ, त्यही सिकाएँ ।'

'तर तपाईंले त धेरैलाई पढ्न सिकाउनुभयो ।'

'पढ्न सिकाउनु ठूलो कुरा होइन बाबु,' उनले बिस्तारै भनिन्, 'मान्छे राम्रो बन्न सिक्यो कि सिकेन, त्यो ठूलो कुरा हो ।'

त्यत्तिकैमा मिलन पनि त्यहाँ आइपुग्यो । उसले औपचारिक हाँसो हाँस्दै भन्यो, 'आमा, तपाईंलाई पनि अर्को वर्ष सूचीमा राख्छौँ है । यसपालि प्रक्रिया मिलेन ।'

सीता आमाले केही भनिनन् । उनले खोल्सातिर हेर्दै मात्र भनिन्, 'सूचीमा नाम चढेपछि मात्र मान्छे ठूलो हुँदैन बाबु । मन ठूलो भए पुग्छ ।'

त्यो साँझ अचानक पानी पऱ्यो । पहाडमा परेको झरीले माथिको अधबनेको सडक भत्कायो । खोल्सामा पानीको बहाव बढ्यो । बजार नजिकैको झुपडी बग्ने खतरा भयो ।

सीता आमाको झुपडी त्यही किनारमा थियो । भीड जम्मा भयो । सबै हेरे, कुरा गरे, मोबाइलमा भिडियो खिचे । तर पानीभित्र पस्ने आँट कसैले गरेन ।

अरुण दौडियो । मिलन पनि पछि लाग्यो । दुवैले मिलेर झुपडीभित्र रहेका किताब र थोरै सामान बाहिर निकाले । अरू दुई-चार युवाले पनि साहस गरे । केहीबेरमा झुपडीको आधा भाग बग्यो, सीता आमा सुरक्षित थिइन् ।

भोलिपल्ट बजारभरि यही घटनाको चर्चा थियो । सामाजिक सञ्जालमा तस्बिरहरू राखिए- 'युवाहरूको साहस' भन्दै ।

तर अरुणको मनमा भने अर्कै कुरा चलिरहेको थियो । उसले हिजो मञ्चमा पाएको ताली सम्झियो र खोल्साको किनारमा बसेकी वृद्धा सम्झियो ।

केही दिनपछि अरुण सहर फर्कनुअघि गाउँपालिकामा गयो । उसले प्रस्ताव राख्यो- 'सीता आमाका लागि सुरक्षित घर बनाऔँ । अनि त्यो घरलाई सानो सामुदायिक पुस्तकालय बनाऔँ ।'

मिलन केही बेर चुप लाग्यो । त्यसपछि भन्यो, 'यो काम भाषणभन्दा ठूलो रहेछ ।'

दुई महिनापछि खोल्साको किनारमा सानो तर बलियो घर ठडियो । ढोकामाथि सानो बोर्ड टाँसियो- 'सीता सामुदायिक पुस्तकालय' ।

उद्घाटनका दिन कुनै ठूला ब्यानर थिएनन्, न त मञ्च । सीता आमाले मात्रै भनिन्, 'घर ठूलो भएर होइन बाबु, भित्रको सोच ठूलो भएर गाउँ अगाडि बढ्छ ।'

त्यस दिन अरुणले बुझ्यो- मान्छेको उचाइ मञ्चको सिँढीले होइन, उसले अरूका लागि झुकेको क्षणले नापिन्छ ।

सिमखोलाको बजार अझै बढ्दै थियो । भवनहरू अग्लिँदै थिए । तर गाउँका बालबालिकाको आँखामा चम्किएको उज्यालो भने त्यो सानो पुस्तकालयबाट फैलिन थालेको थियो । र, त्यही उज्यालो नै साँचो विकास थियो ।

# कर कार्यालय सार्ने प्रयासविरुद्ध अनिश्चितकालीन बन्दको घोषणा

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १ फागुन



सदरमुकाम गौरस्थित करदाता सेवा कार्यालयलाई सुटुक्क सिमरा सार्न खोजिएको भन्दै रौतहट उद्योग वाणिज्य संघले कडा आपत्ति जनाउँदै अनिश्चितकालीन बन्दको घोषणा गरेको छ।

संघका अनुसार पूर्वसहमति विपरीत प्रशासनले कुनै सूचना नदिई कार्यालयका फर्निचर तथा महत्वपूर्ण कागजात ट्रकमा लोड गरी सिमरा लैजान खोजेपछि उद्योगी-व्यवसायी आन्दोलित भएका हुन्। ट्रकमा लोड गरिएका सामग्री बीचमै रोकेर व्यवसायीहरूले विरोध जनाएका छन्।

गत २०८२ पुस २८ गते प्रमुख जिल्ला अधिकारीको रोहवरमा संघ, आन्तरिक राजस्व कार्यालय सिमरा, नागरिक समाज र राजनीतिक दलका प्रतिनिधिबीच भएको सहमतिअनुसार कर कार्यालय हाल सञ्चालनमा रहेको भवनबाटै यथावत राख्ने निर्णय भएको थियो। तर शनिबार फागुन १ गते बिना कुनै लिखित वा मौखिक जानकारी कार्यालय सार्न खोजिएको भन्दै संघले यसलाई 'प्रशासनिक धोका' को संज्ञा दिएको छ।

संघका महासचिव सन्तोष केशरीले व्यापारीहरूको भावनामाथि गम्भीर चोट पुगेको बताएका छन्। प्रथम उपाध्यक्ष विपेन्द्र कुमार झाका अनुसार फागुन ३ गतेसम्म सरकार वा स्थानीय प्रशासनबाट कार्यालय नसार्ने स्पष्ट लिखित प्रतिबद्धता नआए आन्दोलन थप सशक्त बनाइनेछ।

संघले फागुन १ गतेदेखि गौरका सम्पूर्ण उद्योग, कलकारखाना तथा व्यापारिक प्रतिष्ठानहरू पूर्ण रूपमा बन्द रहने घोषणा गरेको छ। माग पूरा नभए फागुन ४ गतेदेखि रौतहटका सम्पूर्ण यातायात सेवा तथा सीमा नाका ठप्प पार्ने चेतावनीसमेत दिइएको छ।

स्थानीय व्यापारीहरूका अनुसार सदरमुकामबाट सेवा कार्यालय हटाइए हजारौं करदातालाई सामान्य प्रशासनिक कामका लागि पनि बाराको सिमरा धाउनुपर्ने बाध्यता सिर्जना हुनेछ, जसले समय र खर्च दुवै बढाउनेछ।

हाल गौरको अवस्था तनावपूर्ण रहेको छ। व्यवसायीहरू कर कार्यालय अगाडि धर्नामा बसेका छन् र ट्रकमा लोड गरिएका सामग्री पुनः कार्यालयमै नझारेसम्म तथा लिखित निर्णय नआएसम्म आन्दोलन जारी रहने बताएका छन्।

संघद्वारा जारी विज्ञप्तिमा महासचिव सन्तोष केशरी र प्रथम उपाध्यक्ष विपेन्द्र कुमार झाको हस्ताक्षर रहेको छ।

# बाँफिकोटमा शहीदका परिवार सम्मानित

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, १ फागुन



रुकुम पश्चिमको बाँफिकोट गाउँपालिकामा रहेको शहीद परिवार समाज नेपालले गाउँपालिकाभित्र रहेका ८५ जना शहीदका आफन्तलाई सम्मान गरेको छ। १० वर्षे सशस्त्र जनयुद्धका क्रममा राज्य पक्ष र विद्रोह पक्षबाट ज्यान गुमाएका परिवारका सदस्यलाई शहीदका रूपमा स्मरण गर्दै सम्मान कार्यक्रम आयोजना गरिएको हो।

प्रत्येक वर्ष शहीदको सम्झनामा कार्यक्रम गर्दै आएको समाजले यस वर्ष पनि शहीदका आफन्त तथा परिवारका सदस्यलाई कासको थाली प्रदान गर्दै सम्मान गरेको छ।

कार्यक्रममा बाँफिकोट गाउँपालिकाकी पूर्व उपाध्यक्ष मनकला पुनले आफ्ना सन्तान र श्रीमानको सम्झनाले आज पनि आँखाबाट आँसु झर्ने गरेको बताइन्। उनका श्रीमान् २०६९ सालमा रोल्पाको रिपिटर टावर आक्रमणका क्रममा मारिएका थिए। उनले शहीदलाई सम्मान मात्रै पर्याप्त नभई शहीद परिवारलाई राज्यले दिने सेवा-सुविधा अझै प्रभावकारी रूपमा उपलब्ध गराउनुपर्ने माग गरिन्। पुन जस्तै गाउँपालिकाका ८५ जना शहीद परिवारको आवाज एउटै रहेको उनको भनाइ छ।


## सुपरमाई हाईड्रोपावर लिमिटेड

**रजिष्टर्ड कार्यालयः का.जि.का.म.न.पा.-३०, ज्ञानेश्वर, काठमाडौं, फोन नंः ०१-४५४११३७**
**Email:supermaihydropower@gmail.com, web: https://supermaihydro.com.np**

**एघारौं वार्षिक साधारण सभा सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८२ फाल्गुन ०२ गते, (February 14, 2026)**

**आदरणीय श्री शेयरधनी महानुभावहरु,**
सुपरमाई हाईड्रोपावर लिमिटेडको मिति २०८२/१०/२० मा बसेको संचालक समितिको १३२ औं बैठकको निर्णयानुसार देहायका विषयहरु उपर छलफल गर्न कम्पनीको एघारौं बार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा बस्ने निर्णय भएको हुँदा कम्पनीका सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा २ बमोजिम यो सुचना प्रकाशित गरीएको छ।

**एघारौं वार्षिक साधारण सभा हुने मिति, स्थान र समय**
**मिति : २०८२/११/१७ गते ( तदनुसार March 01, 2026) आईतबार।**
**स्थान : लिसरा रिसेप्सन्स् प्रा.लि-नक्साल काठमाण्डौ। (Lisara Receptions Private Limited, Naxal, Kathmandu)**
**समय : बिहान १०:०० बजे**

**एघारौं वार्षिक साधारण सभामा छलफलका विषयहरु**

**१. सामान्य प्रस्ताव**
१.१ संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
१.२ आ.व. २०८१/८२ को लेखापरीक्षण प्रतिवेदन वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरणमा छलफल गरी पारित गर्ने सम्बन्धमा।
१.३ कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.व. २०८२/८३ को लागि लेखापरीक्षक नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा। (साबिक कै लेखापरीक्षक श्री सुजन एस. एण्ड एशोसिएट्स चार्टड एकाउण्टेन्टस्लाई साबिक कै पारिश्रमिकमा पुन : लेखापरीक्षक नियुक्तिको लागि सिफारिस गरिएको)
१.४ संचालक समितिबाट मनोनित गरि रिक्त संचालक पदमा नियुक्ति गरिएका संचालकहरुको अनुमोदन गर्ने सम्बन्धमा।
१.५ संचालक समितिले सिफारिस गरे बमोजिम रु.५९,२७,९७७८९ (उन्साठी लाख सत्ताईस हजार नौं सय सतहत्तर र पैसा उनानब्बे मात्र कर प्रयोजनको लागि) नगद लाभांश वितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा।

**२. बिशेष प्रस्ताव**
२.१ संचालक समितिले सिफारिस गरे बमोजिम चुक्ता पुँजीको २० प्रतिशत अर्थात १०७०००० कित्ता शेयर प्रति कित्ता रु.१०० का दरले कुल रु. १०,७०,००,०००/- (अक्षरुपी दश करोड सत्तरी लाख मात्र) बोनस शेयर वितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा।
२.२ कम्पनीको चुक्ता पुँजीको १ : १ हकप्रद शेयर निस्काशन गर्ने सम्बन्धमा।
२.३ कम्पनीको पुंजीको संरचना परिवर्तन गर्ने र सोही बमोजीम प्रबन्ध पत्रको दफा ६(क) (ख) (ग) संशोधन गर्ने सम्बन्धमा।
२.४ पुँजीको संरचना परिवर्तन गर्न र बोनस तथा हकप्रद शेयर जारी गर्ने सम्बन्धमा नियमक निकायहरुबाट कुनै पनि किसिमको सुझाब वा निर्देशन प्राप्त भएमा सो अनुसार संशोधन गर्नको लागि संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा।

**३. बिबिध**
३.१ साधारण सभामा भएका गरेका निर्णय तथा कामकारवाहीहरु प्रमाणिकरण गर्नको लागि संचालक समितिका अध्यक्ष र कम्पनी सचिवलाई अख्तियारी दिने सम्बन्धमा।

**साधारण सभा सम्बन्धी अन्य जानकारीहरु :**
१. प्रोक्सी मार्फत साधारण सभामा भाग लिन चाहने शेयरधनीले कम्तीमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा प्रोक्सीपेश गरिसक्नु पर्नेछ। एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) को नाम उल्लेख गरेमा प्रतिनिधि (प्रोक्सी) फारम रद्द गरिने छ।
२. सभामा भाग लिन आउनुहुने महानुभावहरुले परिचय खुल्ने परिचय पत्र वा आफ्नो शेयर प्रमाण पत्र प्रस्तुत गरेपछि मात्र सभा कक्षमा प्रवेश गर्न पाईने छ। हाजिरी पुस्तिका बिहान १०:०० बजे देखि सभा चालु रहुन्जेल सम्म खुल्ला रहने छ।
३. एघारौं वार्षिक साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका मिति २०८२/११/१३ गते एक दिनको लागि शेयर दाखिला खारेज बन्द (Book Close) रहनेछ। मिति २०८२/११/१२ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई यस कम्पनीको शेयर रजिष्टार श्री माछापुच्छ्रे क्यापिटल लिमिटेडमा प्राप्त शेयर नामसारी, दाखिला खारेजीको आधारमा शेयरधनी दर्ता पुस्तिकामा कायम शेयरधनीहरुले मात्र यस सभामा भाग लिन पाउने छन्।
४. सभा सम्बन्धी अन्य बिस्तृत जानकारीको लागि कम्पनीको केन्द्रीय कार्यालय काठमाण्डौ फोन नं ०१-४५४११३७ वा मोबाईल नम्बर ९८५७०२९८२९ मा सम्पर्क गर्न अनुरोध गरिन्छ।
५. संचालक समितिको प्रतिवेदन लगाएतका बित्तीय विवरणहरु कम्पनीको केन्द्रीय कार्यालय वा सभा हुने दिन सभाहलमा उपलब्ध हुनेछ। यस सम्बन्धमा कम्पनीको website: www.supermaihydro.com.np मा पनि हेर्न सक्नुहुनेछ।
६. साधारण सभा सम्बन्धी अन्य काम कारवाही कम्पनी ऐन २०६३ बमोजिम हुनेछ।

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**


कार्यसम्पादन मूल्यांकन

# अर्घाखाँचीको पाणिनी गाउँपालिका देशमै प्रथम, छत्रदेव जिल्लामा दोस्रो



**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १ फागुन

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सार्वजनिक गरेको आर्थिक वर्ष २०८१/८२ को कार्यसम्पादन मूल्यांकनमा अर्घाखाँचीको पाणिनी गाउँपालिका देशभरकै स्थानीय तहमध्ये प्रथम स्थानमा परेको छ। पाणिनी गाउँपालिकाले ८३.८४ अंक प्राप्त गर्दै उत्कृष्ट प्रदर्शन गरेको हो।

आयोगले बिहीबार सार्वजनिक गरेको नतिजाअनुसार देशभरका ७५३ स्थानीय सरकारमध्ये छत्रदेव गाउँपालिकाले ७५.७५ अंकसहित देशभर १६औं तथा जिल्लाभित्र दोस्रो स्थान हासिल गर्न सफल भएको छ। छत्रदेव गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बासुदेव खनालले प्राप्त उपलब्धिलाई सामूहिक प्रयासको परिणाम भएको बताउँदै सम्पूर्ण कर्मचारी, जनप्रतिनिधि तथा सरोकारवालालाई धन्यवाद दिएका छन्। उनका अनुसार सेवा प्रवाह, वित्तीय अनुशासन र सामाजिक सूचकमा सुधारका कारण गाउँपालिका अग्रपंक्तिमा रहन सफल भएको हो।

अर्घाखाँचीको सदरमुकाम सन्धिखर्कदेखि दक्षिण भेगमा अवस्थित छत्रदेव गाउँपालिका गुल्मी जिल्लाको सीमाना क्षेत्रसँग जोडिएको स्थानीय तह हो।

कार्यसम्पादन मूल्यांकनमा रुकुम पश्चिमको चौरजहारी नगरपालिकाले ८२.१५ अंकसहित दोस्रो स्थान हासिल गरेको छ भने गुल्मीको मालिका गाउँपालिकाले ८१.९८ र धुर्कोट गाउँपालिकाले ८०.५२ अंक ल्याउँदै उत्कृष्ट स्थानीय तहको सूचीमा स्थान बनाएका छन्।

आयोगले स्थानीय सरकारहरूको मूल्यांकन गर्दा कुल १७ वटा सूचकलाई आधार मानेको छ। जसमा १० असारभित्र बजेट सार्वजनिक गरे-नगरेको, असार मसान्तभित्र बजेट पारित भए-नभएको, आगामी आर्थिक वर्षको बजेट प्रक्षेपणसहित विवरण अर्थ मन्त्रालयमा बुझाए-नबुझाएको, बजेट समीक्षा गरी कात्तिक मसान्तभित्र सार्वजनिक गरे-नगरेको लगायत सूचक समावेश छन्।

त्यसैगरी राजस्व परिचालन, बजेट खर्चको अवस्था, बेरुजु न्यूनीकरण, सूत्र सफ्टवेयर प्रयोग, विद्यार्थी भर्ना दर, कक्षा ९ मा विद्यार्थी टिकाउ दर, गर्भ जाँच गर्ने महिलाको अनुपात, एसईई परीक्षाको नतिजा तथा खोप लगाएका बालबालिकाको अनुपातलाई समेत मूल्यांकनका आधार बनाइएको आयोगले जनाएको छ।

गत आर्थिक वर्ष २०८१/८२ मा घरजग्गा रजिस्ट्रेसन शुल्क, मनोरञ्जन कर तथा विज्ञापन करबाट संकलित रकममध्ये प्रदेश सरकारलाई बुझाउनुपर्ने ४० प्रतिशत हिस्सा मासिक रूपमा प्रदेश सञ्चित कोषमा दाखिला गरे/नगरेको विषयलाई पनि मूल्यांकनको सूचकमा समेटिएको छ।


सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## चालु अवस्थामा रहेको सवारी साधन बिक्रीको ७ (सात) दिने सूचना

**प्रकाशित मिति: २०८२/११/०२**

यस बैंकले प्रयोग गरिरहेको तपसिल बमोजिमका सवारी साधनहरु जहाँ जे जस्तो अवस्थामा छन् सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट बिक्री गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट निम्न लिखित शर्त, बन्देजको अधिनमा रहि मिति २०८२/११/०८ भित्र यस बैंकको केन्द्रिय कार्यालय, सामान्य सेवा विभाग, नारायणहिटी पथ, काठमाडौंमा प्राप्त हुने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नको लागी आव्हान गरिन्छ।

| क्र.स. | सवारीको नाम | बनेको साल | दर्ता. नं. | सवारी रहेको स्थान |
|---|---|---|---|---|
| १. | Ford Freestyle | २०१८ | बा २० च ८५९२ | बौद्ध शाखा, काठमाडौं |
| २. | Ford Ecosport | २०१८ | बा २० च ३६४१ | थापाथली शाखा, काठमाडौं |

**शर्तहरु :**
१. बोलपत्र फारम यस बैंकको केन्द्रिय कार्यालय सामान्य सेवा विभागबाट निःशुल्क प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र साथ बोलपत्रदाताले जमानत वापत आफुले कबोल गरेको अंकको ५ (पाँच) प्रतिशतले हुन आउने रकम यस बैंकको कुनै पनि शाखा कार्यालयबाट खाता नं. ९९९०१२९००४०१०१ मा नगद जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ।
३. बोलपत्रमा बोलपत्रदाताले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र फर्म वा कम्पनी भएमा दर्ता प्रमाणपत्र (नविकरण गरिएको) तथा स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि करको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।
४. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।
५. यस सम्बन्धी विस्तृत जानकारीको लागी बैंकको केन्द्रिय कार्यालय, सामान्य सेवा विभाग, नारायणहिटी पथ, काठमाडौंमा सम्पर्क राख्न सकिनेछ।
६. प्रस्तावित बोलपत्र मिति २०८२/११/१० गते बैंकको नारायणहिटी पथ, केन्द्रिय कार्यालयमा दिनको ठिक ११:०० बजे खोलिनेछ।
७. कुनै वा सबै बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने वा आंशिक मात्र स्वीकृत गर्ने वा उचित र आवश्यक ठानेको अवस्थामा स्वीकृत बोलपत्रको बोलकबोल अंकमा समेत पुनःनेगोशिएसन समेत गर्न सक्ने अधिकार बैंकमा निहित हुनेछ।

Citizens Bank

**सामान्य सेवा विभाग**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः gsd@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznb ank.com, ०१-५९७००६८

THE BANKER BANK OF THE YEAR 2024 NEPAL | THE BANKER BANK OF THE YEAR 2025 NEPAL

www.ctznbank.com


# एक थान पेस्तोल र चार राउन्ड गोलीसहित एक जना पक्राउ

**काठमाडौं/मस-**
प्रहरीले चन्द्रागिरि नगरपालिका-२ नागढुंगाबाट शुक्रबार एक थना पेस्तोल र चार राउन्ड गोलीसहित एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा काठमाडौं कीर्तिपुर नगरपालिका-२ का ३० वर्षीय केयुर पुरी रहेका जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले जानकारी दिए।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

POKHARA RECRUITMENT (P.) LTD.
Gov. Lic No. 1426/074/075
Samakhusi Townplanning, Kathmandu, Nepal Tel: +977- 1- 014951967, Mobile : 9808266950 / 9841227082 / 9843643705, Email: pokhararecruitment@gmail.com, info@pokhararecruitment.com, Web: www.pokhararecruitment.com.np



## मलेसिया र यूएईमा रोजगार

कम्पनी : CAKRA WIRA SECURITY SERVICES SDN BHD शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/०१/१६ चलानी नं.: ६०२३६७६६ LT. No.: 322732 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 5 | 0 | स. काममा दक्ष | 1700 | ६३,०१९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : HIAP SENG ENGINEERING LIMITED FZC शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०४/३० चलानी नं.: ६०२४३१९७ Lt No. 329396 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 125 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३९,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Scaffolder | 75 | 0 | | 1500 | ५९,०७० | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन ९ गते (21 February 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

मित्र ओभरसिज सर्भिस प्रा. लि.
श्रम इजाजत नं. २९७/०५८/०५९
सिनामंगल-९, काठमाडौं, फोन: ०१-४११०६८८, ९८१३९७१०८१
Email: mitraoverseas@yahoo.com, शाखा कार्यालय:ईटहरी सम्पर्क नः ०२५-५८०६८९, ९८०४३५६७५६

## टी-२० विश्वकप

# अस्ट्रेलिया जिम्बाब्वेसँग स्तब्ध



**काठमाडौं/मस-** आइसिसी टी-२० विश्वकप अन्तर्गत समूह चरणको खेलमा जिम्बाब्वेले वरीयतामा दोस्रो स्थानमा रहेको अस्ट्रेलियालाई २३ रनले पराजित गरेको छ। श्रीलंकाको कोलम्बोस्थित आर. प्रेमदासा रंगशालामा भएको खेलमा जिम्बाब्वेले दिएको १७० रनको लक्ष्य पछ्याएको अस्ट्रेलिया १९ ओभर ३ बलमा १४६ रनमा समेटियो। जिम्बाब्वेको जितमा बलिङ पक्ष निर्णायक रह्यो। तीव्र गतिका बलर ब्लेसिङ मुजारबानीले १७ रन खर्चेर चार विकेट लिँदै करियरकै उत्कृष्ट प्रदर्शन गरे। उनलाई ब्राड इभान्सले तीन विकेट लिएर साथ दिए भने वेलिङटन मसाकदजा र रायन बुर्लले समान एक-एक विकेट हात पारे। पावरप्लेमै अस्ट्रेलियाको शीर्ष क्रम ध्वस्त पार्दै जिम्बाब्वेले खेल आफ्नो पक्षमा मोडेको थियो।

अस्ट्रेलियाका लागि म्याट रेन्शले सर्वाधिक ६५ रन बनाए पनि उनको एकल प्रयास टोलीलाई जितसम्म पुर्‍याउन पर्याप्त भएन। उनले ग्लेन म्याक्सवेलसँग पाँचौं विकेटका लागि ७७ रनको साझेदारी गर्दै आशा जगाए। म्याक्सवेलले ३१ रन जोडे भने ट्रेभिस हेडले १५ रन बनाए। अन्य ब्याट्सम्यान भने जिम्बाब्वेको सटिक बलिङसामु दोहोरो अंकमा समेत पुग्न सकेनन्।

यसअघि टस हारेर पहिला ब्याटिङ गरेको जिम्बाब्वेले निर्धारित २० ओभरमा मात्र दुई विकेट गुमाएर १६९ रनको प्रतिस्पर्धात्मक स्कोर तयार गरेको थियो। ओपनर ब्रायन बेनेटले उत्कृष्ट ब्याटिङ गर्दै अविजित ६४ रनको योगदान दिए। उनलाई तदिवानासे मारुमानी र रायन बुर्लले समान ३५-३५ रन जोडेर साथ दिए। अन्त्यतिर कप्तान सिकन्दर रजाले १३ बलमा अविजित २५ रन बनाउँदै टोलीलाई बलियो स्थितिमा पुर्‍याए।

बलिङतर्फ अस्ट्रेलियाका मार्कस स्टोइनिस र क्यामरुन ग्रीनले एक-एक विकेट लिए पनि जिम्बाब्वेको रन प्रवाह रोक्न सकेनन्। यो जितसँगै जिम्बाब्वेले टी-२० अन्तर राष्ट्रिय क्रिकेटमा १९ वर्षपछि अस्ट्रेलियालाई पराजित गरेको हो। यसअघि सन् २००७ मा जिम्बाब्वेले अस्ट्रेलियामाथि जित निकालेको थियो। साथै, टी-२० विश्वकपमा अस्ट्रेलियाविरुद्ध जिम्बाब्वेको अपराजित यात्रा पनि कायमै रहेको छ।

समूह चरणमा यसअघि अस्ट्रेलियाले आयरल्यान्डलाई ६७ रनले हराएको थियो भने जिम्बाब्वेले ओमानमाथि आठ विकेटको सहज जित निकालेको थियो। जिम्बाब्वेको यो जितसँगै सुपर ८ चरणमा पुग्ने सम्भावना बलियो बनेको छ। अर्कोतर्फ, अस्ट्रेलियाको यात्रा भने अब कठिन बनेको छ। सुपर ८ मा पुग्न उसले बाँकी खेलहरू जित्नै पर्ने दबाबमा रहेको छ।

यस्तै युएईले प्रतियोगितामा पहिलो जित हात पारेको छ। शुक्रबार भएको खेलमा युएईले क्यानडालाई पाँच विकेटले पराजित गरेको हो।

दिल्लीमा भएको खेलमा पहिला ब्याटिङ गरेको क्यानडाले सात विकेटको क्षतिमा १५० रन बनाएको थियो। जवाफी ब्याटिङमा युएईले पाँच विकेट गुमाउँदै दुई बल बाँकी रहँदा १५१ रन जोडेर लक्ष्य भेट्टायो।

क्यानडाका लागि हर्ष थाकरले अर्धशतक बनाए। नवनीत धलिवालले ३४, श्रेयास मोभ्वाले २१ र दिलप्रित बाज्वाले ११ रन जोडे। बलिङतर्फ युएईका जुनैद सिद्धिकीले उत्कृष्ट प्रदर्शन गर्दै पाँच विकेट लिए भने मोहम्मद जवादुल्लाहले एक विकेट हात पारे।

लक्ष्य पछ्याउने क्रममा युएईका आर्यन्स शर्माले अविजित ७४ रनको शानदार इनिङ्स खेले। उनले ५३ बलमा ६ चौका र तीन छक्का प्रहार गरे। सोहेब खानले २९ बलमा ५१ रन जोडेर जित सहज बनाए।

क्यानडाका साद बिन जफरले तीन तथा कलिम साना र जसकरन सिंहले समान एक-एक विकेट लिए। पहिलो खेलमा दक्षिण अफ्रिकासँग ५७ रनले पराजित भएको क्यानडाले दोस्रो खेलमा पनि हार व्यहोरेको छ, जबकि युएईले प्रतियोगितामा पुनरागमन गर्दै आत्मविश्वास बढाएको छ।


## हिमाली हाइड्रो फण्ड लि.

**मध्य बानेश्वर, का.म.न.पा.-३१, काठमाडौं**

### चौथो बार्षिक साधारण सभा बस्ने बारे अत्यन्त जरूरी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/११/०२**

**सम्पूर्ण शेयरधनी महानुभावहरु,**

मिति २०८२/१०/२८ गते बसेको संचालक समितिको बैठकको निर्णयले यस कम्पनीको आ.व. २०८१/८२ का लागी कम्पनीको चौथों बार्षिक साधारण सभा देहायको मिति, समय र स्थानमा निम्नलिखित बिषयमा छलफल गर्न बस्ने भएकाले उक्त साधारण सभामा उपस्थित भई सक्रिय सहभागिता जनाइ दिनु हुन सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अनुरोध गरिन्छ। साधारणसभामा उपस्थित हुन नसक्ने शेयरधनी महानुभावहरुले प्रतिनिधि (प्रोक्सी) नियुक्ति फारम भरि यथासिग्र उपलब्ध गरिदिनुहुन समेत सादर अनुरोध छ।

**चौथो बार्षिक साधारण सभा हुने:**

मिति: २०८२ फाल्गुन २४ गते, आइतबार।
समय : बिहान १०:०० बजे।
स्थान : कम्पनीको रजिस्टर्ड कार्यालय, का.म.न.पा.-३१।

**चौथो बार्षिक साधारण सभामा छलफल हुने बिषयहरु :**

**क. सामान्य प्रस्तावहरु:**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्युको आ.व. २०८१/८२ को बार्षिक प्रतिवेदन माथि छलफल तथा पारित गर्ने।
२. आ.व. २०८१/८२ को लेखापरीक्षण प्रतिवेदन र अनुसूची सहितको वित्तीय विवरणहरु माथि छलफल तथा पारित गर्ने।
३. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८२/८३ को लेखापरिक्षकको नियुक्ति तथा पारिश्रमिक सम्बन्धमा।
४. संचालक समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा।

**ख. बिशेष प्रस्तावहरु:**

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संसोधन गर्ने सम्बन्धमा।
२. कम्पनीको अधिकृत पूँजी, जारी पूँजी र चुक्ता पूँजी बृद्धि गर्ने सम्बन्धमा।
३. कम्पनीको जारी पूँजीको २० प्रतिशतका दरले हुन आउने शेयर सर्वसाधारणमा जारी गर्ने सम्बन्धमा।
४. प्राथमिक सार्वजनिक शेयर (IPO) निष्काशन सँग सम्बधित काम कार्यवाहि अगाडि बढाउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्वन्धमा।
५. प्राथमिक सार्वजनिक शेयर (IPO) निष्काशनबाट प्राप्त हुने रकमको उपयोग सम्बन्धमा।
६. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा नियमानुसार संशोधन गर्ने क्रममा सम्बन्धित नियमनकारी वा नियामक निकाय कार्यालयले कुनै फेरवदल संशोधन परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरुप आवश्यक फेरबदल गर्न कम्पनीको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा।

**ग. विविध**

**संचालक समितीको आज्ञाले,**
**कम्पनी सचिव**



## जापानमा रोजगार

कम्पनी : FUJI KORYU SERVICE KYODO KUMIAI — शहर : TOKYO
पूर्व स्वीकृत मिति: २०८२/०५/१८ — चलानी नं.: ६०२४४४५४ — Lt. No.: 330586 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | JapaneseYEN | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolding | 2 | 0 | 201600 | १,९१,५२० | क. नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ | ३ वर्ष |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:** (क) नेपाली नागरीक हुनुपर्ने। (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ। ...

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरु:** ...

१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले २८ दिन भित्र
२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको) कुल खर्च : रु. ५०,००० कामदारले
३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान, छनौट तरिका, अन्तर्वार्ता

**नोट: जापानिज भाषा स्पष्टसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनुपर्नेछ।** ...

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८२ फागुन ९ गते (21 February 2026) मा हुनेछ।

EASY OVERSEAS PVT. LTD. — Gov Lic No.: 1261/074/75 — Basundhara, Kathmandu, Tel.:01-4016539

## साउदीमा रोजगार

कम्पनी: MAZAQ AL AARIDH COMPANY — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८२/११/०१ — चलानी नं.: ६०२५२४२४ — L.T. No.: 338969

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 9 | 0 | स. काममा दक्ष | 1000 | ३८,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन ९ गते (21 February 2026) मा हुनेछ।

EMASCO NEPAL PVT. LTD. — श्रम इजाजत नं. ११७/०५५/०५६ — गोंगबु, सामाखुसी, काठमाडौं, नेपाल, फोन: ४९६२७७८, ४९५७७७८, फ्याक्स नं.: ४३५७७७८ Mob.: 9765821842, 9851124392

## कुवेतमा रोजगार

कम्पनी: EYELASH QUEEN LADIES BEAUTY SALON COMPANY — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८१/०९/१८ — चलानी नं.: ६०२३०७०४ — LT. No.: 316467 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manicure/pedicure | 0 | 2 | स. काममा दक्ष | 150 | ७१,१०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन ९ गते (21 February 2026) मा हुनेछ।

Guideline Recruitment Service Pvt. Ltd. — Govt.Lic.No 1061/073/74 — Samakhusi, Kathmandu, Tel.: 4389497, 982-2506451, 982-3461212 — Email: info.guideline2024@gmail.com, Web: www.guidelinerecruitment.com

## बहराइनमा रोजगार

कम्पनी: QUALITY WIRE PRODUCTS W.L.L — शहर: BAHRAIN
पूर्व स्वीकृत मिति: २०८२/११/०१ — चलानी नं.: ६०२५२४५५ — LT. No.: 338944

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | BD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | ARC Welder | 10 | 0 | स. काममा दक्ष | 140 | ५३,७१३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन ९ गते (21 February 2026) मा हुनेछ।

Guideline Recruitment Service Pvt. Ltd. — Govt.Lic.No 1061/073/74 — Basundhara Chauki, Kathmandu, Tel.: 4389497, 982-2506451, 982-3461212 — Email: info.guideline2024@gmail.com, Web: www.guidelinerecruitment.com — Samir Chaudhary : 9865365218, Puspa Thapa Magar : 9823485185

## KUWAIT मा रोजगार

Mama's Chicken Restaurant Co.
पूर्व स्वीकृती मिति: २०८२/११/०१ — चलानी नं. : ६०२५२४१२ — LT No.: 338986

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना / बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Male Kitchen Helper | 3 | 0 | काममा दक्ष | 110 | ५२,१२५।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तरवार्ता २०८२ फागुन ९ गते (21 Feb., 2026) यस प्रा. लि. को कार्यालय मिनभवन, काठमाडौंमा हुनेछ।

GULF EMPIRE COMPANY PVT. LTD. — Lic. No.: 1599/079/80 — के.एम.सि.-३१, मिनभवन, बानेश्वर, काठमाडौं, फोन नं. ०१-४११५९६०/४११५९६१ — मोबाईल : ९७०९०९४६४८, ९८२३२५७२७१, ९८०२३४४७७५, ९८०१३१५९५९ — शाखा कार्यालय ईटहरी सम्पर्क : ९८०१०२३८१२, ९८०२०२३८१२ — इमेल : gulfempirenepal@gmail.com, वेभसाइट : www.gulf-empire.com

## मलेसियामा रोजगार

कम्पनी : EUPE FOOD COURT SDN BHD — शहर: SUNGAI PETANI
पूर्व स्वीकृत मिति:२०८२/११/०१ — चलानी नं.:६०२५२४२८ — LT. No: 338990

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Workers | 12 | 0 | स. काममा दक्ष | 1700 | ६२,८८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन ९ गते (21 February 2026) मा हुनेछ।

Gorkhas Associate (P.) Ltd. — Gov. Lic. No. 969/067/068 — P.O. Box: 21051, Maharajgunj, Kathmandu, Nepal — Tel: 4532500, 4532666, 9801188991

## साउदीमा रोजगार

१. कम्पनी: BLACK GOLD FOR OPERATION AND MAINTENANCE COMPANY — शहर: DAMMAM
पूर्व स्वीकृत मिति:२०८२/११/०१ — चलानी नं.: ६०२५२४३६ — L.T. No.: 338980

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labouers | 20 | 0 | स. काममा दक्ष | 1500 | ५७,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

२. कम्पनी: SARJ INTERNATIONAL ESTABLISHMENT FOR OPERATION AND MAINTENANCE — शहर: AL JUBAIL
पूर्व स्वीकृत मिति:२०८२/११/०१ — चलानी नं.: ६०२५२४३७ — L.T. No.: 338981

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labouers | 2 | 0 | स. काममा दक्ष | 1000 | ३८,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन ९ गते (21 February 2026) मा हुनेछ।

HERALD INTERNATIONAL PVT. LTD. — श्रम इजाजत नं. ५१३/०६१/०६२ — पो.ब.नं. १६१, नयाँबानेश्वर, काठमाडौं, फोनः ४५७५३३९, ४५६८६९७, ४५७६६०३

## मलेसियामा रोजगार

कम्पनी: MXM SURFACES SDN. BHD. — शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/११/०१ — चलानी नं.: ६०२५२४४१ — LT. No.: 338984

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 100 | 0 | स. काममा दक्ष | 1700 | ६३,०१९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन ९ गते (21 February 2026) मा हुनेछ।

KALYON OVERSEAS PVT. LTD. — Govt. Lic. No. 1646/080/081 — Kalopul -33, Kathmandu Nepal. Tel.: 01-4540010, 01-4540011. Email: kalyonoverseaspvtltd@gmail.com, Website: kalyonoverseas.comn.np

## कतारमा रोजगार

कम्पनी: ALMASS MOVERS SERVICES — शहर : Doha
पूर्व स्वीकृत मिति : २०८२/११/०१ — चलानी नं.: ६०२५२३८७ — LT. No.: 338899

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 3 | 0 | स.काममा दक्ष | 1000 | ३५,६७० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | २ वर्ष |

अन्तरवार्ता यसै प्रा.लि.को कार्यालय सामाखुसीमा: २०८२ फागुन ९ गते (21 Feb. 2026) मा हुनेछ।

White Gloves International Pvt. Ltd — Govt. Lic. No. 1060/073/074 — P.O.Box No.: 9688, Samakhusi, Kathmandu, Tel.: 01-4964953 — Mob.: 9860485800, 9851278676, 9851276684, Email: whitegloves1060@gmail.com

## MALAYSIA मा रोजगारको अवसर

Company: Knight Security Services Sdn Bhd, Malaysia, Taman, Bukit, Pelangi
पूर्व स्वीकृती मिति: २०८२/१०/२९ — LT. No.: 338860 — चलानी नं.: ६०२५२३६९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 33 | 0 | काममा दक्ष | 1700 | ६३,३८७ | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छैन | छ | ३ वर्ष |

प्रि-अन्तरवार्ता धमाधम भइरहेको छ।
फाइनल अन्तरवार्ता कम्पनीको प्रतिनिधीबाट निम्न स्थान र मितिमा हुनेछ।
Need Office मेनपावरको कार्यालयमा २०८२ फागुन ९ र १० गते (21 & 22 Feb., 2026) का दिन हुनेछ।
कुल लागत खर्चः निःशुल्क

Need Employment Services (P.) Ltd. — Ultimate Solution — Lic No.: 284/058/59 — P.O.Box: 20478, Tokha-7, Kathmandu Nepal — Helpline No.: +977-1-4984248, 4984251 — Email: needemploymentservices@gmail.com — Contact Person no. - Prakash 9851076834, Bigyan 9851020300

## कतार र बहराइनमा रोजगार

कम्पनी: YEMEK DOHA CATERING — शहर: QATAR
पूर्व स्वीकृत मिति: २०८२/११/०१ — चलानी नं.: ६०२५२३८० — L.T. No.: 338898

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Service Agents | 100 | 0 | स. काममा दक्ष | 1000 | ३९,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: WHITE HOUSE GATE LAUNDRY WLL — शहर: BAHRAIN
पूर्व स्वीकृत मिति: २०८२/११/०१ — चलानी नं.: ६०२५२३९६ — L.T. No.: 338928

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | BD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners/Helper/Laundry Worker | 12 | 0 | स. काममा दक्ष | 100 | ३८,३६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन ९ गते (21 February 2026) मा हुनेछ।

ADVANCED MANAGEMENT CONSULTANTS — Govt. License No.: 1470/074/075 — Samakhushi, Kathmandu — 01-4964211, 4974211 — cvtoamc@gmail.com — www.amgroup.com.np — Kathmandu: 9801080183, 9801029663, 9801080059, 9801021737, 9801029662, 9801044492 — Birtamode: 9824035531, 9807960966, 9801442369, 9801442370, 9801442371, 023-542357

## साउदीमा रोजगार

कम्पनी: LAMB CAFE FOR SERVING DRINKS — शहर: HAIL
पूर्व स्वीकृत मिति: २०८२/१०/२६ — चलानी नं.: ६०२५२१३८ — L.T. No.: 338664

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food and Beverage Counter Worker | 1 | 0 | स. काममा दक्ष | 1200 | ४६,२८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: SAMA COMPANY LIMITED — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८२/१०/२६ — चलानी नं.: ६०२५२१३९ — L.T. No.: 338665

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Workers/waiter | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४६,२८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Kitchen Worker | 3 | 0 | | 1000 | ३८,५७० | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन ११ गते (23 February 2026) मा हुनेछ।

ALBAYAN INTERNATIONAL PVT. LTD. (साबिक: FUTURE MINDS PVT. LTD) — श्रम इजाजत नं. १०२८/०६८/०६९ — सामाखुशी-३, काठमाडौं, फोन : ४१११०४४, फ्याक्स : ४१११०४४, E-mail: albayanhrnepal@gmail.com

## Cyprus मा रोजगार

Rafaelos Dimitriadis P. Employment Agency -Lic. No.375
पूर्व स्वीकृती मिति: २०८२/११/१ — चलानी नं. ६०२५२४५० — LT No.: 338836

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | Euro | ने.रू. | खाना / बस्ने सुविधा |
|---|---|---|---|---|---|---|---|
| १. | Cook | 10 | 0 | काममा दक्ष | 1018 | १७५,८३५।- | छ |
| २. | Employee | 5 | 10 | | 600 | १०३,८००।- | |

Aris Pierides Recruiting Services — पूर्व स्वीकृती मिति: २०८२/१०/२९ — चलानी नं. ६०२५२४५१ — LT No.: 338837

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | EURO | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Domestic Worker | 5 | 20 | काममा दक्ष | 400 | ६८,९३०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तरवार्ता २०८२ फागुन ९ (21 Feb., 2026) गते सम्म यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौंमा हुनेछ।

Brave Gorkha Manpower Services Pvt. Ltd. — Gov. Lic No. 1733/081/082 — Samakhusi Town Planning- 26, Kathmandu, Tel: 01-4975919, 9818290427, 9813863302, Email : bravegorkhamanpower@gmail.com

## कतारमा रोजगार

कम्पनी: DI CLASSE SERVICES — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८२/११/०१ — चलानी नं.: ६०२५२३७९ — L.T. No.: 338901

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner Public | 0 | 5 | सम्बन्धित काममा दक्ष | 1000 | ३९,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Office Cleaner | 0 | 5 | | 1000 | ३९,६९० | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ फागुन ९ गते (21 February 2026) मा हुनेछ।

C.D. HUMAN RESOURCES PVT. LTD. — Gov. Lic. No. 1048/073/74 — Panchakumari Mandir Marga 09, Sinamangal, Kathmandu, Tel.: 01-5921834 | Fax: 4486263, | Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np — Contact no: 9851005776, 9801081245, 9801081248, 9801081249, 9801081250, 9801081255, 9801081253.

## UAE मा रोजगारको अवसर

Neel Kamal Plastic Factory LLC
पूर्व स्वीकृति मिति: २०८२/११/१ — चलानी नं. ६०२५२३८३ — LT No.: 338921

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना / बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | General Worker/Factory Worker | 21 | 0 | साधारण | 1000 | ३९,५३०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तरवार्ता २०८२ फागुन ९ गते (21 Feb., 2026) यस प्रा. लि. को कार्यालय, बालुवाटार, काठमाडौंमा हुनेछ।

Continental HRD Consultants Pvt. Ltd. — Gov.Lic.no.: 983/067/068 — Baluwatar, Kathmandu Tel.: 01-4545550, 4530003, 4515055, 9813101269, 9851016295, Branch Office Damak-05, Jhapa: 023-582306, 9801414626, 9801414610 — Branch Office Pokhara-8, Sabhagrihachowk: 061-581724, 581728, 9810143365 — E-mail: continentalnepal01@gmail.com | Web: www.continentalhrd.com

## मलेसियामा रोजगार

कम्पनी: INTERCOSMO INDUSTRIES SDN BHD — शहर: JALAN
पूर्व स्वीकृत मिति:२०८२/११/०१ — चलानी नं.: ६०२५२४०८ — L.T. No.: 339065

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 4 | 0 | स. काममा दक्ष | 1700 | ६३,०१९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन ९ गते (21 February 2026) मा हुनेछ।

DYNAMIC SALES & SERVICES PVT.LTD. — श्रम इजाजत नं. १०९/०५४/०५५ — Post Box No. 2012, Basundhara, Kathmandu, Nepal. Phone: 00977-1- 4354614, 4356831, 4356625. Fax: 00977-7- 4355570 E-mail: info@dssnepal.com, Website: www.dynamicmanpower.com

## मलेसियामा रोजगार

कम्पनी : KHAW GIM LEONG COMPANY SDN BERHAD — शहर : MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/११/०१ — चलानी नं.: ६०२५२४०० — L.T. No.: 338945

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plantation Worker | 20 | 0 | स. काममा दक्ष | 1700 | ६३,०१९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन ९ गते (21 February 2026) मा हुनेछ।

Empower Huntr H.R. Solution Pvt. Ltd. — Gov. Lic No. 1150/073/074 — (साबिक Empower Human Resources Management Pvt. Ltd) — Sinamangal -9, Near by Hope Hospital, Kathmandu, Nepal, Tel.: 01-4560541, 01-4588265 — Mobile No 9818766422 | 9819063243 | 9814048923 | 9843524997 | 9860700057 | 9813657032 | 9851049746 | 9806080426, 9823040845 Email: empowerhrnepal@gmail.com — Jhapa Branch : 023-535323 | Chitwan Branch : 9855016639 | Butwal Branch : 9851178901

## बहराइनमा रोजगार

कम्पनी : TEA TIME WLL — शहर : BAHRAIN
पूर्व स्वीकृत मिति: २०८२/१०/२९ — चलानी नं.: ६०२५२३५८ — L.T. No.: 338862

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | BD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 20 | 0 | सम्बन्धित काममा दक्ष | 140 | ५३,७१३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Waitress | 0 | 20 | | 150 | ५७,५५० | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन ९ गते (21 February 2026) मा हुनेछ।

EQUATOR INTERNATIONAL (P.) Ltd. — LIC. NO. 746/064/065 — कार्यालयः गोंगबु चोक, काठमाडौं, नेपाल Tel No: 014986469 / 014986470 — Mob. No: 9851096808, 98510-34986, 9851011886 — Email: equator746@gmail.com | Website: www.equatorintl.com

मध्यान्ह
www.madhyanhadaily.com
गो.हु.का.द.नं. ३३/०६९/०७०
२ फागुन २०८२ शनिबार
14 February 2026 Saturday



# 'महिलाहरू गर्भमा अग्निको बिउ बोकेर हिंडेका हुन्छन्'

२०७४ सालमा कठपुतला कथा संग्रहमार्फत नेपाली साहित्यको क्षेत्रमा डा. अर्चना थापाको कथाकारका रूपमा परिचय थपियो । त्यसभन्दा पहिले उनले विभिन्न लेख, समालोचना र सम्पादित पुस्तकमार्फत आफ्नो उपस्थिति देखाउँदै आएकी थिइन् । समकालीन नेपाली साहित्यमा नारीवादी लेखकको रूपमा उनको भूमिका सशक्त छ । उनले सम्पादन गरेका स्वअस्तित्वको खोज, स्मृति कथामा सत्व गरी दुई पुस्तक प्रकाशित छन् । कठपुतला कथासंग्रह र अग्निगर्भा उपन्यास उनले लेखेको पुस्तक हो भने कोभिड-१९ का कथाहरू उनी र अन्य कथाकारहरूको कथा समेटिएको पुस्तक हो । कठपुतला कथामार्फत कथाको परम्परागत परिभाषालाई बदल्ने कोसिस गरेकी साहित्यकार थापाको पछिल्लो पुस्तक अग्निगर्भामा भान्साभित्रको राजनीतिका बारेमा लेखिएको छ । उनी आफ्नो कथा आफैं भन्नुपर्छ भन्ने लेखक हुन् । पीडा, बेदना, अनुभव, अनुभूतिरू व्यक्ति स्वयंको हुन्छ । ति भावनाहरू आफूले व्यक्त गर्दा मात्र त्यो प्राकृतिक देखिन्छ अर्थात् प्रभावकारी हुन्छ भन्ने उनको मान्यता छ । लेखन यात्रा, सामाजिक रूपमा उनको सक्रिय भूमिका र किनारीकृत समुदायप्रति उनको योगदानका साथै कठपुतला र अग्निगर्भा पुस्तकको वरिपरी रहेर साहित्यकार **डा. अर्चना थापा**सँग **मध्यान्ह** राष्ट्रिय दैनिकका लागि **जानकी पाठक**ले गरेको कुराकानीको सम्पादित अंश :

■ **डा. अर्चना थापा**, साहित्यकार

**सर्वप्रथम 'अग्निगर्भा' उपन्यासका लागि शुभकामना, कस्तो पुस्तक हो यो ?**

धन्यवाद । यो उपन्यास हो । यसको पात्र नायिका हो । पात्रकै वरिपरि कथा घुमेको छ । कथा आफैंमा रोचक छ । महिला पात्र भनेपछि महिलाका अनुभूतिहरू, भोगाइहरू, महिलालाई जीवनमा छोएका विषयहरू हुने नै भयो । महिलाहरू घरभित्र काम गर्छन्, विशेषगरी भान्सामा काम गर्ने महिलाका कथा यस उपन्यासमा छ । आफूले जानेका कामहरू, आफ्ना आमाबाट सिकेर पनि कतिपय महिलाहरू भान्सामा काम गर्ने गर्छन्, ति दिनदिनका कुराहरू हुन् जुन बाहिरबाट हेर्दा सामान्य लाग्छ । यसका बारेमा कुरै गर्नुपर्दैन, घरबाहिरका कुरा पो महत्वपूर्ण हुन्छ, राजनीति र प्रशासनका कुरालाई मात्र महत्व दिएर घरभित्र महिलाले गरेका श्रम, खर्च गरेको समयलाई केही होइन भन्ने प्रवित्तिविरुद्ध यो उपन्यास केन्द्रित छ ।

**आजभोलि धेरै लेख, समालोचनामा भान्साको राजनीतिको प्रसंग आउँछ, भान्साको राजनीति भनेको के हो ?**

फरक-फरक महिलाका फरक-फरक अनुभूति होलान् । पश्चिमा मुलुकको कुरा गर्ने हो भने भान्साबारेका सिद्धान्तहरू बनिसकेका छन् । त्यहाँ भान्सामा अथवा महिलालाई घरभित्र कैद गरिएको भनेर नारीवादीहरूले ६० को दशकमै कुरा उठाइसकेका छन् । महिलालाई घरभित्र राखेर महिलाका अनुभवलाई खुम्च्याउन खोजेको भन्ने कुरा उठिसकेको छ, तर हाम्रो दक्षिण एसियातिर महिलाका जे जस्ता किसिमका ज्ञान छन्, त्यो ज्ञानहरू किताबी र प्राज्ञिक ज्ञानभन्दा फरक ज्ञान हुन्, त्यो ज्ञान कुनै अर्थमा कम छैन । भान्साबाट निस्केका ज्ञानको महत्व पनि छ भन्ने कुरा मैले अग्निगर्भामा देखाउन खोजेको छु ।

हो, भान्साको राजनीति हुन्छ । भान्सामा आर्थिक राजनीति हुन्छ । भान्साभित्र लैंगिक राजनीति हुन्छ । भान्सामा कसले काम गर्ने भनेर श्रमविभाजन हुन्छ । जब पुरुषले आफ्नो स्वादको खाना आफैं बनाउन खोज्दैन । जबसम्म भान्सामा महिलाको मात्र उपस्थिति अपेक्षा गरिन्छ त्यसले भान्सालाई दास बनाउँछ । त्यसलाई गहिरोसँग हेरियो भने भान्साभित्र ठुलो राजनीति छ । त्यसलाई हामी कहिले हेर्दैनौं, पाठकको ध्यान त्यतातिर जान्छ कि भनेर मैले यो उपन्यासमा यो विषय उठाएको हो ।

**महिलालाई कस्तो प्रकारको आगोले पोल्छ ?**

हाम्रो समाजमा महिलाको आदर्शलाई मापन गर्ने सूचक बनाइएको छ । महिला शान्त हुनुपर्छ । महिला सहनशील हुनुपर्छ । धर्तीजस्तो हुनुपर्छ भन्ने हुन्छ, तर महिलाभित्र पनि आगोको ज्वाला हुन्छ । त्यो मौनतामा पनि प्रतिरोध हुन्छ । महिलाले व्यक्त गर्न नसकेको, तर मनभित्र आगोका झिल्काहरू बोकेर हिँडेका हुन्छन् । महिलाले पनि आफ्नो गर्भमा अग्निको बिउहरू बोकेर हिँडेका हुन्छन् ।

आगो प्रकाशको पुञ्ज पनि हो । यो उज्यालोको रूपमा पनि हुन्छ । आगो सिर्जनाको सुरुवात पनि हो । इतिहास हेर्ने हो भने जब आगोको सिर्जना भयो तबमात्र मानवको विकास भयो भन्ने कुरा पनि छ । आगो लागेर खरानी भएर फेरि त्यहाँ सिर्जना हुन्छ । मैले सिर्जना गरेको ब्वारी पात्र पनि आगोमा परेकी छ, पछि उसको भान्सामा पनि आगो लागेको छ । भान्सा खरानी भएपछि ऊ फेरि नयाँ रूपमा आएकी पनि छ । आगो आफैंमा नकारात्मक होइन, तर महिलाभित्र हुने मानसिक द्वन्द्वको आगोले उसलाई बढी पोल्ने गर्छ । मनमा ज्वालामुखी बोकेर बाहिर समाजले निर्धारण गरेको आदर्श महिला बन्नुपर्दा त्यो रापले महिला प्रताडित हुन्छन् ।

**आफ्नो कथा आफैंले भन्नुपर्छ भन्ने मान्यता राख्नुहुन्छ, यो किन जरुरी छ ?**

साहित्यको इतिहास हेर्ने हो भने यो नयाँ होइन । साहित्य त वर्षौंदेखि लेखिँदै आइएको छ । हामीले धेरै किताब पढेका पनि छौं । तर जसको कथा लेख्नुपर्थ्यो उसले कथा लेख्न पाएको छैन । जस्तो महिलालाई केन्द्रमा राखेर उसका दुःख, पीडाका भोगाइका कथा लेखिएको छ, तर अरूले लेखिदिएर उसको कथा जस्ताको त्यस्तै आउन सक्दैन । महिलाको मात्र नभनौं एउटा मधेशी महिलाको मैले काठमाडौंमा बसेर लेखें भने उसको भोगाइ, उसको जीवनका अनुभव मैले लेख्न सक्दिनँ । मैले कल्पनामात्र गर्ने हो । एउटा दलितवर्गको मान्छेले उसले भोगेका कुरा आफैं लेख्न सक्यो भने सायद मान्छेले हेर्ने दृष्टिकोणमा पनि परिवर्तन होला ।



पहिला पनि महिलाका बारेमा थुप्रै कथाहरू लेखिएको छ । एउटा महिला रोएर बसेको, कसैले आएर उसलाई उद्धार नगरेसम्म, उसको उद्धार नै नहुने त्यस्ता खालका कथाहरू हामीले पढेका छौं । मलाई लाग्छ महिलाले आफैं पनि कथा लेख्ने हो भने उसले मलाई कसैले आएर उद्धार गर्छ भनेर कुर्दिन होला । उसले आफ्नो कथा, आफ्नो भोगाइअनुसार पाइला चाल्छे होला । त्यसैले विभिन्न क्षेत्रका भूगोलका जातजातिका मान्छेहरूले आफ्ना कथा आफैं लेखे भने हामी पाठकले पनि फरक समुदायका कुराहरू बुझ्न सहज हुन्थ्यो होला । काठमाडौंमा बसेर लेखेर समग्र नेपालको प्रतिनिधित्व हुँदैन भन्ने लाग्छ ।

**पितृसत्ताको विरोधमा तपाईंको आवाज सशक्त छ, यसको स्थापना र निरन्तरतामा पुरुषको भूमिका त छँदै छ, महिलाहरू यसमा कसरी सहभागी हुन्छन् ?**

पितृसत्ता अहिले पछिल्लो समय अलि सजिलो भएको छ । पितृसत्ता भनेको पुरुषको मात्रै अस्तित्व स्वीकार गर्नुपर्छ भन्ने मान्यताबाट पछाडि हटेको छ । यो एक प्रकारको सत्ता हो, स्थापनाको इतिहास जे सुकै भए पनि निरन्तरतामा महिलाको पनि सहभागिता रहन्छ । सत्ता भनेको शक्ति हो । सत्ता जसको हातमा छ अथवा जो बलियो छ उसैले त्यसलाई चलाउने नै भयो । मैले लेखेको अग्निगर्भा उपन्यासमा पनि हजुरी भन्ने महिला पात्र हो, तर उसले सत्ता चलाएकी छ । अरूलाई नियन्त्रण गर्न खोजेकी छ । अहिले यसमा अर्कै खालको समिश्रण देखिएको छ त्यसको बारेमा पर्याप्त बहस गरेको छैन ।

अहिले पितृसत्ता मात्रै छैन । समाजमा पुँजीवादको आधिपत्य देखिरहेको छ, सामाजिक सञ्जालमा देखिन्छ त्यो पनि हो । अहिले फरक स्वरुप भएको छ । ठम्याउन एकदम गाह्रो बनाएको छ । पितृसत्तामात्र हुँदा सजिलो थियो । यहाँ त पितृसत्ता छ, यस्तो भयो, दमन भयो, विभेद भयो भन्न सजिलो थियो । अहिले पुँजीवादले म्यानुप्लेट गरेको छ । हामीले आफ्नो रोजाइ त प्रयोग गरिरहेका छौं, मेरो इच्छा मैले गरिरहेको छु भन्ने लाग्छ, तर यो रोजाइ हाम्रो नभएर कतैबाट जबरजस्ती निर्माण गरिएका छन् । जस्तै अहिले प्लास्टिक सर्जरी जत्ति पनि आइरहेका छन्, जुन प्रकारबाट हामीलाई देखाइन्छ त्यो हाम्रो रोजाइ जस्तो भए पनि हामीलाई रोज्न बाध्य पारिएको हुन्छ । छाला चाउरी पर्नु भएन, बाटोमा हिँड्दा ओ आन्टी, ए हजुरआमा भनेर अपमानित गर्न खोजिन्छ । बुढो हुनु भनेको लाजको विषय भएको छ । चाउरी हटाउन प्रोत्साहित गरिन्छ । तपाईंले आफूमाथि पैसा खर्च गरिरहनुपर्‍यो के जहिले पनि । म राम्री छु, मैले जानेको छु भन्ने अनुभव नै गर्न नपाउने अवस्था छ । म राम्री हुन कहाँ जाउँ, कपाल कस्तो पारौं भन्नेमै भुल्नु परेको छ । आफूभित्र कमीमात्रै देखाउने पुँजीवादको जुन स्वरुप छ त्यसलाई भन्न एकदमै गाह्रो छ । यसले महिलालाई मात्र होइन पुरुषलाई, उमेर समूह सबैलाई अप्ठ्यारो बनाएको छ ।

**सम्पादन र अन्य लेख समालोचनालाई छोड्ने हो भने 'कठपुतला' तपाईंको पहिलो पुस्तक, पहिलो पुस्तकले नै पहिचान दिलाउन सफल भयो । के थियो यसमा त्यस्तो ?**

पहिचान त थाहा छैन, तर मैले चलिआएको कथा परम्पराभन्दा फरक गर्ने प्रयास गरेको छु । म आफूलाई लेखकको रूपमा चुनौती दिन मन पराउँछु । कथा भन्नेबित्तिकै सानो हुनुपर्छ, चुटुक्क परेको हुनुपर्छ भन्ने छ । कथा भनेको एउटा आँखीझ्याल हो, त्यसले संसार देखाउँछ भन्ने थियो । मलाई लाग्छ समयसँगै परिभाषा परिवर्तन हुँदै जानुपर्छ । सधैं कथा सानो किन हुनुपर्छ त ? लामो ठुलो आकारको पनि त हुन सक्छ नि भनेर मैले लामो-लामो कथा लेखें । सुरुवात सामान्य हुने, उठानमा द्वन्द्व हुने, अन्त्यमा समाधान हुने कथाको परिभाषा छ, तर मलाई यस्ता कथा मन पर्दैनन् । मलाई टुंग्याएको कथा मन पर्दैन । सबै राम्रो भयो कथा टुंगियो, तर जीवन त चलिरहेको हुन्छ ।

कथा चाहीँ उठान भएर समाधानतिर जानुपर्ने हुन्छ कुनै कथा मैले त्यहीँ ठ्याकै छोडेको छु । पाठकले त्यहाँबाट अगाडि लिएर जानुहुन्छ भनेर । मेरो कथामा रैखिक रूपमा एकै रेखामा नगएर उपकथाहरूलाई मुख्य कथाका रूपमा आएका छन् । मैले पहिला मुख्य कथा लेख्न थालेपछि त्यसलाई छाडेर उपकथालई बलियो बनाएर लेखेको छु । मैले कथालाई जुत्ता लगाएपछि तुना बाँधे जसरी टपक्क पारेर टुंग्याएको छैन । अरू कथाभन्दा अथवा लेखिँदै आएको कथाभन्दा अलि फरक विषय र शैली भएर पनि सबैको नजरमा परेको हो कि भन्ने लाग्छ ।

**'कठपुतला'मा ८ वटा कथा छन्, ति सबैले परम्परालाई भत्काउने प्रयास गरेको छ, कत्तिको गाली खानुभयो ?**

हजुर कठपुतलामा ८ वटा कथा छन् । ति सबै फरक-फरक विषय र सन्दर्भसँग जोडिएका छन् । कठपुतली शब्द महिलाका लागि प्रयोग गरिने शब्द हो । कठपुतला शब्द मैले पुरुषका लागि प्रयोग गरिदिएँ । यो शब्दकोषमा भएको शब्द होइन । महिलालाई केही गर्न नसक्ने, अरूको इशारामा नाँच्ने भन्ने अर्थ लगाउनुपर्‍यो भने प्रयोग गरिने शब्द हो कठपुतली । राजनीतिमा यो शब्द धेरै प्रयोग गरिन्छ । काम गर्न नसक्नेबित्तिकै यो कठपुतली हो भनिनुले समग्र महिला जातिको अस्तित्वमाथि प्रहार गरे जस्तो लागेर मैले कठपुतला कथा लेखें । पुरुष पात्र राखेर कठपुतला लेख्नुपर्‍यो जस्तो लागेर मैले कथा सिर्जना गरें ।

मैले यो कथा धेरै बिक्री हुने कथा बन्छ भन्ने सोचेको थिइनँ । मलाई यसबाट धेरै माया पाउँछु भन्ने पनि थिएन । मलाई मुखैमा आएर कसैले गाली गर्नुभएको पनि छैन । मैले जति गाली खान्छु भन्ने सोचेको थिएँ, त्यति गाली पनि खानुपरेन । मलाई धेरै प्रश्न गर्नुभएको छ के हो त यो कठपुतला भनेर । जिज्ञासा आउनु राम्रो पनि हो । किताब पढेर राखिदिनुभयो पाठकले पछ्याउन खोजेनन् भने मज्जा हुँदैन । पाठकले प्रश्न सोधिराख्दामात्र आफू अझ खारिने अवसर मिल्छ । प्रश्न सोध्ने ठाउँ आउनु भनेको पाठकलाई कथाले छुनु हो जस्तो लाग्छ । जहाँसम्म परम्परा भत्काउने प्रयासको कुरा छ, त्यो मैले गरेकै हो । कथाको सीमित परिभाषाभन्दा बाहिर गएर लेखेको कथाले एक प्रकारको बहस गर्ने वातावरण बनेको पनि देखिन्छ ।

कठपुतलाभित्रको सेतो वासनाबाट मलाई धेरै प्रश्न आएको थियो । विवस्त्र रामायणबाट पनि प्रश्न आयो । नियम कानुनभन्दा बाहिर गएको मानसिक अवस्थाको चित्रण सेतो वासनामा थियो । विवस्त्र रामायणमा पनि धेरै कुरा आयो । समाजले रामलाई ओडाएको आदर्शको वस्त्र खोलिदिँदा प्रश्न नआउने भन्ने कुरै भएन । समयसँगै दृष्टिकोण र सोचाइ पनि परिवर्तन हुँदै जान्छन् । त्यही परिवर्तन साहित्यमा पनि देखिनुपर्छ । फरक गर्न खोज्दा गाली आउँछ भनेर डराउनु भएन ।

**अन्त्यमा ?**

म बोल्नुपर्छ भन्ने स्वभावको मान्छे हुँ । कुनै समयमा समाजको आदर्शले मलाई पनि रोक्यो होला दुई छोरी हुर्काउँदै, समाजमा महिलाका लागि बनाइएका केही नियमसँग असहमति राख्दै आएँ पनि । बोल्न नमिल्ने, नबोल भन्ने परिवेशमा मेरो जन्म नभएपनि कहिलेकाहीँ बोल्नुपर्ने ठाउँमा बोलिएन होला, तर म दबिएर बसिनँ । म सबैलाई बोल्नुपर्छ, आफ्ना लागि आफूले बोल्दा मात्र आफ्नो अस्तित्व जीवित रहन्छ भन्ने मान्यता राख्छु ।

अन्त्यमा, पाठकमाझ मेरो पुस्तक अग्निगर्भा लिएर आएको छु । कठपुतला कथालाई जसरी स्वीकार गर्नुभएको थियो, अग्निगर्भालाई पनि त्यसैगरी स्वीकार गर्नुहुने छ भन्ने आशा राख्छु । म प्रश्न गरेको एकदमै मन पराउने मान्छे, पढेर किताब थन्क्याउनुभन्दा पहिले पाठकले लेखकलाई प्रश्न गर्नुपर्छ भन्ने लाग्छ, म प्रश्नको अपेक्षा गर्छु ।


## निर्वाचनको समयमा कर्मचारीले पालना गर्नुपर्ने आचरण

- कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै कार्य गर्नु/गराउनु, प्रचारप्रसारमा संलग्न हुनु वा प्रचारप्रसार गर्नु हुँदैन।
- कुनै राजनीतिक दल वा उम्मेदवारलाई कार्यालय वा आफ्नो भवन, सवारी साधन वा अन्य सामग्री प्रयोग गर्न दिनु हुँदैन।
- निर्वाचनलाई प्रतिकुल प्रभाव पार्ने विषयमा कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टिलिजेन्स-एआई) को प्रयोग गरी वा नगरी सामाजिक सञ्जालमा पोष्ट, रिपोष्ट, शेयर, कमेन्ट वा प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सनलगायतका कार्य गर्नु/गराउनु हुँदैन।
- निर्वाचन प्रयोजनका लागि सम्प्रेषण गर्नुपर्ने सूचनाबाहेक अन्य कुनै प्रकारका आफूलाई प्राप्त जानकारी कुनै राजनीतिक दल वा उम्मेदवार वा अनधिकृत व्यक्तिलाई दिनु हुँदैन ।
- निर्वाचनसम्बन्धी कार्य गर्दा गराउँदा कसैको पक्ष वा विपक्ष लिनु हुँदैन।

नेपाल सरकार
विज्ञापन बोर्ड


## 'श्री बुकुरो', 'बिगुल' र 'शिवांश' प्रदर्शनमा

**काठमाडौं/मस-** शुक्रबारबाट तीन वटा चलचित्र प्रदर्शनमा आएका छन् । 'श्री बुकुरो : द होम कलिङ', 'बिगुल' र 'शिवांश : च्याप्टर १' शुक्रबारबाट प्रदर्शनमा आएका हुन् ।

'श्री बुकुरो : द होम कलिङ'लाई सुदीप भुपाल सिंह, 'बिगुल'लाई रमेश कोइराला र 'शिवांश : च्याप्टर १'लाई सन्तोषकुमार आत्रेयले निर्देशन गरेका छन् ।

'श्री बुकुरो : द होम कलिङ'मा मुख्य कलाकार आर्शीवाद क्षेत्री, लक्ष्मी गिरी, निकिता आचार्य, प्रतिकराज आचार्य, रोशनी कार्की, राजन इशान,




लय संग्रौला, मोहन निरौलालगायतको अभिनय रहेको छ ।

निर्देशक सिंह स्वयंको लेखन रहेको चलचित्रलाई रुबी सेन सिंहले निर्माण गरेकी हुन् । यो चलचित्र पारिवारिक कथामा आधारित छ ।

पटकथा र संवाद प्रदीप भारद्वाज र मौनता श्रेष्ठको छ । चन्दन दत्त र परिच्छेद सेनको सम्पादन तथा सञ्जय लामा र राजेश श्रेष्ठको छायांकन छ ।

यस्तै, 'बिगुल'मा बेनिशा हमाल, नरेन खड्का, नीर शाह, रमेश बुढाथोकी, विनोद न्यौपाने, शिशिर वाङदेल, हेमन्त बुढाथोकी, गीता अधिकारी, रवीन्द्र खड्कालगायतको अभिनय छ ।

यो चलचित्रमा देशको वर्तमान राजनैतिक अवस्था र नेपालीको जनभावना समेटिएको छ । चलचित्रमा शिव ढकालको छायांकन र तारा थापा किम्भेको सम्पादन छ ।

यस्तैगरी, शिवको भेषमा बसेर गरिने आपराधिक क्रियाकलाप समेटिएको चलचित्र 'शिवांश : च्याप्टर १'मा प्रवीण खतिवडा, तेज गिरी, विमला लिम्बू, रुषा न्यौपाने, विकास जोशी, प्रदीपकुमार चौधरी, सबिर चुरौटे, उदयकुमार सुब्बा, टीका निरौलालगायत कलाकारको अभिनय रहेको छ ।

चलचित्रको कथा अञ्जान केसीले लेखेका छन् भने स्क्रिनप्ले बारत लिम्बूको छ । अञ्जान केसी निर्माता चलचित्रको सह-निर्मातामा शोभा भण्डारी र अनिस केसी बोगटी रहेका छन् । चलचित्रका कार्यकारी निर्माता सम्भू थापा हुन् । सरद महतोको डीओपी रहेको चलचित्रमा बनिश शाहको सम्पादन छ ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१-५३२६३६६, ०१-५३२८२९८, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**